
पहिचान !  संघीयता !  लोकतान्त्रिक समाजवाद !



# लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

## स्थानीय तह निर्वाचन - २०७९

## घोषणापत्र



**केही गरियो, अझै गर्न सकिन्थ्यो, धेरै गर्न बाँकी छ !**

# विषयसूची

**परिच्छेद-१**

१.१ प्रस्तावना १

**परिच्छेद-२**

**वर्तमान अर्थ-राजनीतिक परिदृश्य र राजनीतिक दलहरू**

२.१ विचार-शून्य राजनीति, नीतिहीन नेतृत्व ४

२.२ विकृत लोकतन्त्र, विवश नागरिक ५

२.३ अस्तव्यस्त अर्थतन्त्र ७

२.४ दिग्भ्रमित दल, धरापमा जनमत ९

२.५ संविधान संशोधनः अनिवार्य र यथाशीघ्र १४

**परिच्छेद-३**

**लोसपा नेपालको विचारधाराः लोकतान्त्रिक समाजवाद** १५

**परिच्छेद-४**

**लोसपा नेपालको १० वैचारिक धरातल**

४.१ सहभागितामूलक समावेशी लोकतन्त्र १८

४.२ पहिचान सहितको संघीयता १८

४.३ स्वतन्त्र र समावेशी न्यायपालिका १९

४.४ स्वतन्त्र, स्वच्छ, प्रविधियुक्त सबै तहको निर्वाचन १९

४.५ समावेशी र समतामूलक राज्यव्यवस्था २०

४.६ साझा र बहुसांस्कृतिक राष्ट्रियता २१

४.७ नेपाल सुहाउँदो लोकतान्त्रिक अर्थतन्त्र २२

४.८ राष्ट्रहितमा सन्तुलित विदेश नीति २३

४.९ सुशासन, सदाचार र भ्रष्टाचारमुक्त समाज २४

४.१० पर्यावरणीय सन्तुलन र संरक्षण २४

## परिच्छेद-५

## लोसपा नेपालको २० प्रतिवद्धता


| | | |
|---|---|---|
| ५.१ | सबल, सक्षम र स्रोतसम्पन्न स्थानीय सरकार | २६ |
| ५.२ | सहज, छरितो र प्रभावकारी सेवा प्रवाह | २७ |
| ५.३ | सर्वशुलभ र गुणस्तरीय स्वास्थ्य सेवा | २८ |
| ५.४ | निशुल्क र व्यावहारिक सबै तहको शिक्षा | २९ |
| ५.५ | महिलामैत्री पूर्वाधार एवम् विशेष सुविधाको व्यवस्था | ३० |
| ५.६ | कृषिसेवा विस्तार, सिंचाई एवम् प्रभावकारी वजार व्यवस्थापन | ३२ |
| ५.७ | चुरे जोगाऔं, मधेश बचाऔं | ३४ |
| ५.८ | ज्येष्ठ नागरिकलाई सम्मान र थप सुविधा | ३६ |
| ५.९ | रोजगारमूलक, सीप विकास र उद्यमशीलता प्रवर्धन | ३७ |
| ५.१० | युवाहरूको सन्तुलित विकास र खेलकुद पूर्वाधार निर्माण | ३८ |
| ५.११ | कमजोर, असहाय र अशक्तहरूप्रति विशेष जिम्मेवारी | ३९ |
| ५.१२ | तत्काल एवं गुणस्तरीय विपद् व्यवस्थापन | ४० |
| ५.१३ | ग्रामीण सडक र अन्य सामाजिक पूर्वाधार निर्माण | ४१ |
| ५.१४ | स्मार्ट सिटीको अवधारणा अनुरूप नगर विकास | ४१ |
| ५.१५ | थप पर्यटकीय स्थलको पहिचान,पूर्वाधार निर्माण एवम् प्रचार प्रसार | ४३ |
| ५.१६ | शहरी हरितक्रान्ति | ४४ |
| ५.१७ | व्यवस्थित र सुरक्षित वैदेशिक रोजगारी | ४५ |
| ५.१८ | अनुशासित, सुशासित र भ्रष्टाचारमुक्त स्थानीय सरकार | ४५ |
| ५.१९ | सामाजिक सुरक्षाको पूर्ण प्रत्याभूति | ४६ |
| ५.२० | विशेष नगर, विशेष अवसर, विशेष व्यवस्था | ४७ |


## परिच्छेद-६


| | | |
|---|---|---|
| ६.१ | लोसपा नेपालका नाराहरू | ५० |

# आह्वान

**देश र विदेशमा रहनुभएका समस्त आदरणीय नेपाली दाजुभाइ र दिदीबहिनीलाई लोकतान्त्रिक समाजवादी पार्टी नेपालको तर्फबाट हार्दिक अभिवादन !**

निर्वाचन लोकतन्त्रको धड्कन हो । यो स्वच्छ, अनुशासित र नियमित हुनुपर्छ । स्वस्थ प्रतिस्पर्धा, भयरहित वातावरण र पवित्र भावनाका साथ सहभागी हुने निर्वाचनले जनताको वास्तविक प्रतिनिधिलाई अगाडि आउने मञ्च प्रदान गर्नुको साथसाथै लोकतन्त्रलाई गतिशील, परिणाममुखी र दीर्घजीवी बनाउँछ । आसन्न स्थानीय तहको निर्वाचनको पूर्वसन्ध्यामा म सम्पूर्ण लोकतन्त्र पक्षधर, विधिको शासनप्रति आस्थावान् र अहिंसामा विश्वास गर्ने सम्पूर्ण नेपाली मतदातालाई आफ्नो मताधिकारको उपयोग गर्दै जनताको सर्वोच्चता व्यावहारिक अर्थमा नै चरितार्थ गर्ने नेपालको यो महत्वपूर्ण गणतान्त्रिक पर्वमा संलग्न हुँदै नागरिक हुनुको आफ्नो कर्तव्य निर्वाह गर्न जनसमुदाय समक्ष अनुरोध गर्न चाहन्छु ।

हाम्रो लडाइँ जारी छ । सम्पूर्ण महिला, मधेशी, शिल्पी/दलित, थारू, मुस्लिम, आदिवासी, जनजाति, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, विपन्नवर्ग लगायत बहिष्करण तथा वन्चितीकरणमा परेकाहरूको सम्मान, स्वाभिमान र अधिकार प्राप्तिको यो बृहत्तर युद्धको अहिले हामी निर्वाचनरुपी मोर्चामा छौं । हाम्रो संघर्ष सधैं शान्तिपूर्ण, हिंसारहित र लोकतन्त्रको दायराभित्र रहेको थियो, छ र सधैं रहिरहने छ । संविधानको पूर्णता, पहिचान सहितको संघीयताको व्यावहारिक रूपान्तरण, समानुपातिक समावेशिताको परिणाममुखी प्रत्याभूति, हरेक विभेदबाट मुक्त नागरिकता वितरणको सुनिश्चितता र लोकतान्त्रिक समाजवादलाई जनहितमा व्यापक अभ्यास गर्दै भुइँ तहमा नै लोकतन्त्र, सुशासन र जनकल्याणलाई स्थापित गर्न आगामी स्थानीय निर्वाचनलाई अवसरको रूपमा सबै मतदाताले प्रयोग गर्न जरूरी छ ।

अधिकारका अतिरिक्त हामी आफ्नो दायित्वप्रति पनि उत्तिकै सचेत छौं । हाम्रो लागि अत्यन्तै विकट र कपटपूर्ण रहेको २०७४ सालको स्थानीय तहको निर्वाचनमा अनेकौं चुनौतीको सामना गर्नु परे पनि जनताले हामीलाई गरेको विश्वास र सुम्पिएको अभिभारालाई आफ्नो तर्फबाट इमानदारीपूर्वक निर्वाह गर्ने प्रयास गरेका छौं । संघीयताको पहिलो पटकको अभ्यास, आवश्यक कानुनको अभाव, कर्मचारी र स्रोतको अपर्याप्तता र संघीय सरकारको सुस्त र द्वेषपूर्ण व्यवहारका वावजुद हामीले पूर्वाधार निर्माण, शिक्षा र स्वास्थ्यको दिशामा प्रगति, सांस्कृतिक र ऐतिहासिक धरोहरहरूको संरक्षण एवम् हाम्रो उपस्थिति भएको स्थानीय सरकारको तर्फबाट सहज र छरितो सेवालाई उपलब्ध गराउने सन्दर्भमा सक्दो प्रयास गरेका छौं । भविष्यमा अझै धेरै गर्ने हाम्रो चाहना झनै तीव्र भएको छ ।

तसर्थ, २०७९ बैशाख ३० गते सम्पन्न हुने स्थानीय तहको निर्वाचनमा साइकल छापमा आफ्नो अमूल्य मतदान गरी लोकतान्त्रिक समाजवादी पार्टी नेपाललाई आफ्नो सम्मानको सूचक; स्वाभिमानको संरक्षक; हरेक राजनीतिक, कानुनी, आर्थिक, जातीय, भाषिक एवम् सांस्कृतिक अधिकारको संवाहक तथा विकास, समृद्धि लगायत अग्रगमनको सबै अवसरको सहयात्री बनाउन जनसमुदाय समक्ष विनम्र अनुरोध गर्न चाहन्छु ।

**महन्थ ठाकुर**

**अध्यक्ष, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

**नीति, नियत, विचार र संस्कार**

**लोसपाको नेतृत्व, लोसपाकै सरकार !**

# परिच्छेद-१

## १.२ प्रस्तावना

नेपाल एक स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, भौगोलिक सुन्दरताले भरिपूर्ण, वैभवशाली इतिहास बोकेको, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुराष्ट्रिय मुलुक हो । नेपालको विविधता नेपालको सौन्दर्य मात्र होइन नेपालको शक्ति पनि हो । तर विडम्बना, विविधतायुक्त नेपालको यो सौन्दर्यलाई रूचाउन नसकेका, विविधतामा अन्तरनिहित नेपालको यो शक्तिलाई मनन् गर्न नसकेका र नेपाललाई सबैको साझा बनाउने र नेपालप्रति सबैमा अपनत्व जगाउनुको साट्टा केही पक्ष र पात्रहरूद्वारा नेपालको विविधताभित्र विभेद, विद्वेष र विभक्तिको खेल खेली नेपालको अद्वितीय सामाजिक विन्यासलाई कुरूप पार्ने चेष्टा गरियो । **फलस्वरूप, नेपाल भौगोलिक रूपमा एक भएता पनि यो भावनात्मक रूपमा एक हुन सकेन ।** तसर्थ, नेपालको लागि सबैभन्दा ठुलो चुनौती मुलुकको क्षेत्रीय, सामुदायिक, धार्मिक र जातीय विविधता एवम् भौगोलिक र अन्य कारणले फरक हुन गएका राष्ट्रहरूलाई एकै राज्यमा ससम्मान आत्मसात् गर्दै राष्ट्र-राज्य (Nation-state) निर्माणको दिशामा अग्रसर हुँदै सबै अटाउने साझा राष्ट्रवादको भावनाका साथ एक समृद्ध लोकतान्त्रिक राजनीतिक प्रणाली निर्माण गर्नु हो ।

**असमावेशीताले असमानता, असमानताले विद्रोह र विद्रोहले अस्थिरतालाई जन्म दिन्छ ।** नेपालको वर्तमान संविधानले समावेशितालाई सैद्धान्तिक रूपमा स्वीकार गरेता पनि परम्परागत विभेदकारी राज्य-व्यवस्था, अहंकारी शासकवर्ग, पूर्वाग्रही प्रशासन र अझैसम्म अस्तित्वमा रहेको जातीय संकीर्णताका कारणले समावेशिताको यात्रा लक्ष्य अनुरूप अगाडि बढेको देखिँदैन । राजनीतिक, कानुनी, आर्थिक, जातीय, भाषिक तथा सांस्कृतिक शोषण र उत्पीडनमा परेका/पारिएका महिला, मधेशी, शिल्पी/दलित, थारू, मुस्लिम, आदिवासी, जनजाति, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, विपन्नवर्ग लगायत बहिष्करण तथा वन्चितीकरणमा परेकाहरूको भावना अनुरूप सबै पहिचानको पूर्ण सम्मान, हरेक भाषा एवम् संस्कृतिको उचित संरक्षण तथा तराई-मधेस, पहाड र हिमालका जनताबीच भावनात्मक सम्बन्धलाई प्रगाढ बनाई राष्ट्रिय एकताको

आधारलाई मजवुत पार्ने उद्देश्यले नागरिक सर्वोच्चता, विधिको शासण, सामाजिक न्याय, समानता, र समानुपातिक-समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्दै समतामूलक समाजको निर्माण आजको आवश्यकता हो ।

सात दशकभन्दा पनि लामो समयसम्म नेपालको हरेक तह, पक्ष र क्षेत्रका नागरिकले गरेको कठोर संघर्ष, क्रान्ति, विद्रोह, आन्दोलन र बलिदानको परिणाम स्वरूप आएको हो, पछिल्लो संविधान । जसमा समावेशिता, संघीयता, लोकतन्त्र र गणतन्त्र लिपिबद्ध गरिएका छन् । दुर्भाग्यवश, संघर्ष, सहादत र संविधान निर्माणमा सबैको सशक्त सहभागिता भएता पनि केही ठुला दल, शासक-वर्ग र सीमित नेताहरूमा देखिएको विचलन, अवसरवादिता, स्वार्थ, दम्भ र संकीर्णताका कारणले वर्तमान संविधानले प्रक्रिया र परिणाम दुवै अर्थमा पूर्णता पाउन सकेको छैन । **लोकतन्त्र औपचारिकतामा सीमित भएको छ** । समावेशिता पश्चगमनतिर लम्केको छ । गणतन्त्रको मर्मलाई वेवास्ता गरिएको छ र सबैभन्दा दुखद् जुन संघीयताको लागि लाखौं नागरिकहरू सडकमा ओर्लिए, सयौंले जीवन उत्सर्ग गरे र हजारौं घाइते भए । त्यही संघीयतालाई अहिले असफल र असान्दर्भिक पार्ने प्रयास गरिंदै छ । तसर्थ वि. सं. २०७२ सालको संविधानलाई सर्वस्वीकार्य बनाउन महिला, मधेशी, थारू, शिल्पी/दलित, आदिवासी-जनजाति, पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक र सीमान्तकृत लगायतका सम्पूर्ण उत्पीडित समुदायहरूका अनुभूति, अधिकार र अवसरलाई प्राथमिकतामा राख्न; राज्यको हरेक अङ्ग, निकाय र तहहरूमा जातीय, लैङ्गिक, सामुदायिक र जनसांख्यिक आधारमा यथाशक्य समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्न; लोकतन्त्र, संघीयता र गणतन्त्रलाई थप स्पष्ट, विधिसम्मत र संस्थागत गर्न; प्रदेशहरूलाई पहिचानमा आधारित राज्य पुनर्संरचना एवम् संविधानमा भएका कमजोरी सच्याउनका लागि फेरि संघर्ष गर्नुपर्ने अवस्था उत्पन्न भएको छ ।

वर्णव्यवस्थाद्वारा सृजित आदिमकालीन जातिप्रथा, सर्वथा अनुचित सामुदायिक विभेद, पितृसत्तात्मक चिन्तनको आधारमा निर्माण गरिएको अमानवीय र अन्यायपूर्ण लैङ्गिक असमानता र साथै जातीय अहङ्कारवादी मनोवृत्ति विरूद्ध वैज्ञानिक सोच र दृष्टिकोणका आधारमा समाजलाई बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने वैचारिक प्रतिवद्धता र ध्येयका साथ राष्ट्रिय मुक्ति आन्दोलन, वर्गीय आन्दोलन र सामाजिक मुक्ति आन्दोलनलाई एकाकार गरी नेपाली समाजको द्रुत आर्थिक

तथा सामाजिक रूपान्तरणका लागि राष्ट्रिय पुँजीको विकास र विदेशी लगानीलाई प्रोत्साहन गर्दै गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षा जस्ता जनताका आधारभूत आवश्यकताहरू प्रत्याभूति गर्ने लोकतान्त्रिक समाजवादको मूल्य मान्यता स्थापना गर्न सक्ने तथा सवल नेतृत्व, सामुहिक दायित्व र समावेशी प्रतिनिधित्व भएको एवम् राष्ट्रिय चरित्र बोकेको जिम्मेवार पार्टीको निर्माण अपरिहार्य भएको छ ।

निरङ्कुश शासन व्यवस्थाको अन्त्यका लागि भएको क्रान्ति; मुलुकको सार्वभौमसत्ता, अखण्डता, शान्ति, लोकतन्त्र र अग्रगमनको पक्षमा भएको संयुक्त जनआन्दोलन; समानता, समावेशिता, सङ्घीयता र गणतन्त्रको निमित्त भएका चरणवद्ध ऐतिहासिक मधेस आन्दोलन एवम् जनविद्रोह तथा आदिवासी-जनजाति, खस, थारू, शिल्पी/दलित, महिला, पिछडावर्ग, मुस्लिम, अल्पसंख्यक लगायतका उत्पीडित समुदायले विगतमा गरेका सङ्घर्ष र परिवर्तनको लडाइँको क्रममा आफ्ना अमूल्य जीवनको बलिदानी दिएका सम्पूर्ण ज्ञात-अज्ञात सहीदहरूप्रति उच्च सम्मान प्रकट गर्दै **देशको समृद्धि र विकासका लागि तराई-मधेस, पहाड र हिमालका विशिष्टतालाई समेट्दै, मानवद्वारा मानवलाई गर्ने सबै प्रकारको शोषण, उत्पीडन र विभेदको अन्त्य तथा समतामूलक समृद्धिका पक्षधरहरूको प्रतिनिधित्व गर्ने शक्तिशाली राजनीतिक पार्टीको निर्माण गर्ने उद्देश्यले समान विचार भएका राजनीतिक शक्ति, व्यक्ति-व्यक्तित्व, सङ्घ-संस्था र आम जनता समेतलाई गोलबन्द गर्न सक्ने लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (Democratic Socialist Party Nepal)ले आसन्न स्थानीय तहको निर्वाचनको परिप्रेक्ष्यमा यो घोषणापत्र जारी गरेको छ ।**

**पहिचान, संघीयता र लोकतान्त्रिक समाजवाद**
**लोसपा नेपाल जिन्दावाद ! जिन्दावाद !!**

# परिच्छेद-२
## वर्तमान अर्थ-राजनीतिक परिदृश्य

### २.१ विचार-शून्य राजनीति, नीतिहीन नेतृत्व

राजनीतिको मुख्य आधार विचार हो । लोकतन्त्रमा विचार नभएको राजनीति वा राजनीतिक दलको कल्पना गरिएको हुँदैन । दुर्भाग्यवश, नेपालमा रहेका अधिकांश मुख्य राजनीतिक दलहरू अहिले विचार-शून्यताको अवस्थामा आफूलाई संचालन गरिरहेका छन् । दलका दस्तावेजहरूमा जे लेखिएता पनि वा नेताहरूको भाषणमा जे भनिएता पनि लगभग सबै ठुला दलहरू अहिले आफूलाई निर्वाचन, सरकार र सत्ताको साँघुरो घेरामा सीमित गरेका छन् । यी सब लोकतन्त्रको वाहिरी आवरणमा देखिएका अवयव र प्रक्रियाजन्य विषयवस्तुहरू हुन् तर **लोकतन्त्रको मर्म दर्शन, विचार, सिद्धान्त, मूल्य, मान्यता, अभ्यास र संस्कारमा अन्तरनिहित हुन्छ ।**

आदर्श लोकतन्त्रमा कुनै ठोस राजनीतिक दर्शन, विचारधारा, सिद्धान्त र कार्यक्रमहरूका आधारमा जनतालाई प्रभावित गर्ने, तिनको समर्थन हासिल गर्ने र आवश्यक संख्यामा मत र प्रतिनिधित्व आर्जन गर्दै सरकार निर्माण गर्ने र निर्वाचनका दौरानमा आफूले प्रस्तुत गरेका योजनाहरू कार्यान्वयन गर्न आवश्यक नीति, नियम र कानुनको निर्माण गरेर राज्य संयन्त्रको प्रयोग गर्दै जनसेवामा समर्पित हुने अभ्यास हुनुपर्दछ । तर, नेपालमा जसरी अहिले सत्ता जोगाउन, सरकार निर्माण गर्न वा निर्वाचनको परिणामलाई मात्र ध्यानमा राखेर ठूला दलहरू निर्वाचन पूर्व नै अप्राकृतिक गठवन्धन बनाउने वा कृतिम समझदारी निर्माणमा जुटेका छन, त्यसले लोकतन्त्रलाई वर्तमानमा कुरूप बनाउने मात्र होइन यसले देशको राजनीतिक प्रणाली, राजनीतिक संस्कार र राजनीतिक स्थायित्वलाई नै दुरगामी क्षति पुऱ्याउने निश्चित छ । यो अलोकतान्त्रिक र भ्रामक मात्र होइन यो निर्वाचन र मतदाताको गम्भीर अवमूल्यन पनि हो । यस्ता कार्यले आर्जित जनमत भावनारहित, विचारविहीन र लक्ष्यकेन्द्रित नहुनुको साथसाथै यसबाट

प्राप्त बहुमत संख्यात्मक मात्र भएकोले यसले मुलुकलाई कुनै ठोस दिशा प्रदान गर्न सक्दैन ।

दलहरूको निर्माण किन गरिएको हो, निर्वाचनमा कुन वैचारिक धरातलमा प्रतिस्पर्धा गर्ने हो, सरकार गठन पछाडिको सिद्धान्त के हुने हो, सरकार संचालन कुन सोंचको आधारमा गर्ने हो, तथा जनताबाट संकलन गरिएको कर र तिनको खर्चमा नैतिकता राखिएको छ कि छैन ? यी यक्ष प्रश्नहरूको जवाफ खोज्ने आवश्यकताबोध कतै भएको देखिँदैन । विडम्वना नै भन्नु पर्ला, यस स्थितिमा सुधार ल्याउने जिम्मेवार पक्ष फेरि दलहरू स्वयम् नै हुन् । विशेष रूपमा ठुला दलहरूको भूमिका अग्रणी हुनुपर्ने देखिन्छ । यस्तो हुँदै गरेको वा निकट भविष्यमा हुन सक्ने छाँटकाँट कतै देखिँदैन । स्थानीय तहको निर्वाचनमा नेपालका जागरूक मतदाताले यो विषयको गाम्भीर्यतालाई मनन् गरेर आवश्यक निर्णय अवश्य नै गर्नेछन् ।

## २.२ विकृत लोकतन्त्र, विवश नागरिक

वि. सं. २००७ सालपछि नेपालमा औपचारिक रूपमा दलहरू स्थापना भएका थिए । वि. सं. २०१७ देखि २०४७ सम्मको ३० वर्षे अवधिमा दलहरूमाथि सार्वजनिक बन्देज लगाइएको भए पनि अनौपचारिक रूपमा, भूमिगत रूपमा वा आफ्नो भ्रातृ संगठनहरू मार्फत नै किन नहोस्, दलहरू कुनै न कुनै रूपमा क्रियाशील रहँदै आएका थिए । वि. सं. २०४७ साल पछि झन्डै डेढ दशक संवैधानिक राजतन्त्र सहित र त्यसपछि अर्को डेढ दशक पूर्णगणतान्त्रिक व्यवस्था अन्तर्गत नेपालमा दलहरू राजनीतिक रूपमा अग्रणी, प्रभावशाली र सर्वाधिक महत्त्वको भूमिकामा देखिएका छन् । यस अर्थमा प्रत्यक्ष वा परोक्ष होस् वा फेरि पूर्ण वा आंशिक रूपमा, नेपालका पुराना दल र तिनका अधिकांश नेताहरू निरन्तर दलीय अभ्यास गर्दै आएका छन् । दुर्भाग्यवश, झन्डै ७२ वर्षभन्दा पनि बढी लामो राजनीतिक दल तथा तिनका शीर्ष नेताहरूले दलीय अभ्यासको अनुभव सँगालेता पनि ठुला दलहरूको वर्तमान अवस्था अत्यन्तै दयनीय देखिन्छ ।

दलहरू भित्रका निरन्तरको कलह, गुटवन्दी, आन्तरिक लोकतन्त्रको अभाव, सत्ताको लागि हानाथाप, असंगत संसदीय आचरण, व्यक्तिगत र गुटगत स्वार्थका कारणले दलहरूको विभाजन, संसद् विघटन तथा अनाहकको अविश्वासको प्रस्ताव आदि लोकतन्त्रका लागि प्रिय होइनन् । त्यसमा पनि 'फ्लोर-क्रस', 'हर्स-ट्रेडिङ', 'दल-बदल', 'फर्जी दलीय बैठक', 'सांसद पद खारेज', 'संसद घेराउ र नाराबाजी' र 'सांसदहरूमाथि भौतिक आक्रमण' आदि जस्ता प्रसंगहरूले लोकतन्त्रको सर्वाधिक कुरूप पक्षहरूलाई इंगित गरिरहेका हुन्छन् । दुर्भाग्य नै भन्नुपर्छ, यस्ता अभ्यासहरू बोली र शव्दमा मात्र सीमित नभएर अहिले नेपाली राजनीतिले देख्दै गरेका र भोग्दै गरेका वास्तविकताहरू हुन् ।

त्यतिमात्र नभएर सर्वोच्च अदालत र प्रधानन्यायाधीश लगायत अन्य न्यायप्रणालीसँग जोडिएका पात्रहरू गम्भीर विवादमा आउनु, प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुखहरू विरूद्ध नै अविश्वासको प्रस्ताव दर्ता हुनु, संघीय संसदका सभामुखलाई कार्वाहीको माग हुनु; प्रहरी, निर्वाचन आयोग र अख्तियार जस्ता संवेदनशील अंग र निकायहरूलाई विभिन्न खाले आरोप सार्वजनिक रूपमै लाग्नु एवम् राज्यका लगभग सबै अङ्ग नै भ्रष्टाचारको आरोपमा नियमित रूपले मुछिनुले नेपालमा लोकतन्त्रलाई थप विभत्स बनाउँदै लागेको छ ।

तर विडम्बना, सात दशकभन्दा पनि लामो संघर्ष, दर्जनौं पटकको आन्दोलन, विद्रोह र क्रान्ति, दुई-दुई पटकको संविधानसभाको निर्वाचन र संविधान निर्माणका लागि गरिब जनताको ढुकुटीबाट खर्चिएको अर्बौं रकमका बाबजुद नयाँ **गणतान्त्रिक संविधान प्राप्तिको आधा दशकभन्दा पनि कम समयमा दलहरूको अकर्मण्यताले संसद्, संविधान र लोकतान्त्रिक प्रणालीको विश्वासनीयतामाथि नै प्रश्नचिन्ह लाग्न सक्ने अवस्था सिर्जना भएको छ** । वर्तमान दुरावस्थाले आज हरेक नेपालीलाई दुःखी मात्र होइन चिन्तित नै तुल्याएको छ । जनतालाई ठुला र बढी जिम्मेवार हुने दल र नेताहरूको यस्तो कार्यको समर्थन गर्ने आधार छैन र विरोध गर्ने हो भने तिनीहरू आफैले मत दिएर जिताएका दल र जनप्रतिनिधिहरू हुन् । सम्भवतः नेपालको राजनीतिक इतिहासमा नेपाली जनता अहिलेको जति विवश कहिल्यै महसुस् गरेका थिएनन् ।

अर्कोतिर निर्वाचनको आयोजना मात्र होइन, दल र नेताहरूका लागि निर्वाचन लड्न पनि उतिकै महँगो हुँदै गइरहेको छ । जसरी पनि निर्वाचन लड्नुपर्ने, लडेपछि जित्नैपर्ने, जित्नका लागि जायज नाजायज सबैसँग आर्थिक र अन्य सहयोग लिनुपर्ने, लिएको सहयोग फिर्ता गर्न वा अन्य तरिकाले भर्पाइ गर्न मन्त्री बन्नुपर्ने, मन्त्री बन्नका लागि फेरि पनि उचित-अनुचित सम्झौता गर्नुपर्ने र अन्त्यमा फेरि अर्को चुनावको लागि अर्थ संकलन गर्नुपर्ने तथा त्यसका लागि आफ्नो अख्तियार र अधिकारको दुरूपयोग गरेर भ्रष्टाचार र अन्य कुरीतिहरूलाई प्रोत्साहन दिनुपर्ने जस्तो एउटा कहिल्यै नटुंगिने राजनीतिक दुष्चक्रमा देश फसेको छ । यसका प्रमुख कारक तत्त्व दल र नेताहरू स्वयम् नै हुन् । स्थानीय तहको निर्वाचनले जनतालाई ठुला दलहरूले समग्र मुलुक, राजनीतिक व्यवस्था, आमनागरिक र भावी सन्तति समेतप्रति गरेका यी अक्षम्य अपराधहरूको लेखाजोखा राख्ने मौका प्रदान गरेको छ ।

## २.३ अस्तव्यस्त अर्थतन्त्र

नेपाल अद्वितीय सुन्दरताले भरिपूर्ण, प्राकृतिक स्रोतले ओतप्रोत, संसारकै सर्वाधिक युवा र कर्मठ जनसंख्या भएको तथा भारत र चीनजस्ता दुई विशाल बजारहरूले घेरिएको मुलुक भएता पनि देशको अर्थतन्त्र अहिले अभूतपूर्व संकटको मोडमा आइपुगेको छ । राष्ट्रबैंकको पछिल्लो प्रतिवेदन अनुसार शोधनान्तर घाटा बढ्दै जानु, विदेशी मुद्रा सञ्चिति द्रुतगतिमा घट्दै जानु, व्यापार घाटा र मूल्यवृद्धि तीव्र दरले उकालो लाग्नु, रेमिटेन्स आप्रवाह बृद्धिदर ऋणात्मक हुँदै जानु आदि लगभग **नेपाली अर्थतन्त्रका हरेक महत्त्वपूर्ण सूचक नकारात्मक देखिएका छन् । यो अवस्थाले नेपालको आर्थिक क्षेत्रमा हुनसक्ने खतरनाक दुर्घटनालाई इंगित गरिरहेको छ ।**

अर्कोतिर बैंकहरूको लगानी उत्पादन क्षेत्रमा हुन नसक्नु, अधिकांश व्यावसायीहरूको ऋण जग्गा खरिदमा प्रयोग हुनु, ऋणको लागि थप ऋण दिइनु, विप्रेषण/रेमिटेन्सबाट आएको ९०% भन्दा बढी रकम उपभोग्य सामग्रीहरूमा खपत हुनु, विदेशी मुद्राको दाँजोमा नेपाली रूपैया अवमूल्यन हुँदै जानु, स्वदेशी उद्योगको संरक्षण/प्रोत्साहनको लागि कुनै प्रभावकारी नीति नहुनु, नव-उद्यमी र नयाँ लगानीकर्ताहरू जन्माउने ठोस कार्यक्रम नहुनु, आयात गर्दा पनि कम लागत

मूल्य देखाएर कर छल्नु, नक्कली बिल र भुक्तानीको प्रक्रिया नरोकिनु, र पुँजीवजार अस्तव्यस्त मात्र होइन केही सीमित निवेशकहरूको कारणले अनियन्त्रित भइराख्ने जस्ता नेपाली अर्थतन्त्रका दीर्घकालीन रोगहरू झनै गहिरो हुँदै गइरहेका छन् ।

परम्परागत रूपमा नेपाली अर्थतन्त्रको मेरूदण्डको रूपमा कृषि, पर्यटन, जलश्रोत र नेपालको युवा शक्तिलाई लिइन्छ । विडम्बना, यी चारै क्षेत्रमा नेपालको प्रदर्शन र अवस्था निराशाजनक मात्र होइन कहालीलाग्दो नै देखिन्छ । झन्डै ६८ प्रतिशतको हाराहारीमा नेपाली जनसंख्याको निर्भरता रहेको कृषि क्षेत्रको योगदान नेपालको कुल ग्राहस्थ उत्पादनमा ३०% पनि पुग्दैन । कुनै समयमा चामल र दालको निर्यात गर्ने नेपाल अहिले वर्षेनी अर्बौ रूपैयाको चामल, दाल, तरकारी, फलफूल, माछामासु र अन्य कृषि पैदावार आयात गर्दछ । नेपाललाई संसारकै सर्वाधिक सुन्दर र घुम्नै पर्ने देशको सूचीमा राखिएता पनि पर्यटकको आगमन संख्या र यो क्षेत्रबाट हुनसक्ने आम्दानी उल्लेख्य रूपमा वृद्धि हुन सकेको छैन । नक्कली राष्ट्रवादका कारणले नेपाल जलस्रोतको आधारमा सर्वाधिक धनी देशहरू मध्ये एक भए पनि हाम्रो ऊर्जा निर्यात वार्षिक गणनाको आधारमा अहिले पनि ऋणात्मक छ । देशको सर्वाधिक जनसंख्या २३ वर्षको हाराहारीमा भएता पनि यसको फाइदा देशले लिन सकेको छैन । **हाम्रा कर्मठ र मिहेनती हातहरू लाखौको संख्यामा खाडी लगायतका अन्य देशहरूमा अत्यन्तै अमानवीय अवस्थामा सानो रकमको लोभमा श्रम बेच्न वाध्य भएका छन् ।**

अझै उदेक लाग्दो कुरा, योजनाबद्ध रूपमा निर्दिष्ट शीर्षकहरूमा रकम विनियोजन गरेर विकास गर्ने प्रयास गरेको सात दशक नाघी सक्दा पनि सम्भावना नै सम्भावनाले भरिएको नेपाल द्वन्द्वग्रस्त अफगानिस्तानलाई छोड्ने हो भने एसियाको सर्वाधिक गरिब मुलुक हुन पुगेको छ । अत्यन्तै कम प्रतिव्यक्ति आय, संकुचित मानव विकास सूचकांक तथा दयनीय पूर्वाधारको अवस्था हुँदाहुँदै पनि विगतमा ठुला दलबाट बनेका लगभग सबै प्रधानमन्त्री र अर्थमन्त्रीहरू गम्भीर आर्थिक अपचलन र नीतिगत भ्रष्टाचारका काण्डमा मुछिएका छन् । भूकम्प, बाढी र कोविड-१९ जस्ता महामारीका बेलामा पनि मन्त्री र पदाधिकारीहरू अत्यन्तै अमानवीय रूपमा खोप, औषधि, उपचार र राहत सामग्रीको खरिद, वितरण र सेवा प्रवाहमा समेत भ्रष्टाचार गरेको दृष्टान्तले देशको शासकवर्गको दारूण मनस्थिति चित्रण गर्दछ । यो भन्दा धेरै बिग्रिन अब बाँकी छैन ।

## २.४ दिग्भ्रमित दल, धरापमा जनमत

नेपालमा सयभन्दा बढी राजनीतिक दलहरू अस्तित्वमा रहेता पनि राष्ट्रिय मान्यता प्राप्त दलहरू छ वटा मात्र छन् । यी छ दलहरूमध्ये नेपाली कांग्रेस र लोसपा नेपाल लोकतान्त्रिक कित्तालाई प्रतिनिधित्व गर्दछन् भने बाँकी चारवटा नेकपा (एमाले), नेकपा (माओबादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जसपा, नेपाल साम्यवादी/कम्युनिस्ट खेमाका दलहरू हुन् । त्यसैले यी दलहरूको बारेमा लोसपा नेपालको धारणा नेपाली कांग्रेसको लागि एक थरिको छ भने बाँकी चार दलहरूको बारेमा अलग तर समान धारणा छ । जसपा नेपालको राजनीतिक व्यवहार नेकपा (माओवादी केन्द्र)को "B-टिम" जस्तो भएकाले यो पनि एक किसिमले कम्युनिस्ट पार्टी नै हो तर यसको सुरूवात मधेस आन्दोलनको जगमा उभिएर भएकाले यसको बारेमा थप विश्लेषण गर्न आवश्यक हुन जान्छ ।

### २.४.१ नेपाली कांग्रेसः नाम ठुलो, काम सानो

नेपाली कांग्रेस नेपालको सवैभन्दा पुरानो, धेरै कालखण्डमा सबैभन्दा ठुलो, लोकतन्त्रको हरेक संघर्ष र आन्दोलनको क्रममा अग्रपङ्क्तिमा रहेको र बहुदलीयताको पुनः प्राप्तिपछि सवैभन्दा लामो समयसम्म सत्ता संचालन गरेको राजनीतिक दल हो । परम्परागत रूपमा मध्यम धारको अगुवाइ गर्दै लोकतान्त्रिक समाजवादलाई अँगालेको राजनीतिक दल भए पनि नेपाली कांग्रेसले राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना, माओवादीको मुलधारमा प्रवेश र संविधानसभाको निर्वाचन आदि कार्यमा नेतृत्वदायी भूमिका खेलेकाले यसको प्रशंसा गरिनुपर्छ । तर, जबजब मधेशी, शिल्पी/दलित, थारू, मुस्लिम, आदिवासी, जनजाति, पिछडावर्ग, अल्पसंख्यक समुदाय, विपन्नवर्ग लगायत वहिष्करण तथा वन्चितीकरणमा परेका र पारिएकाहरूको पहिचान, अधिकार र अवसरको कुरा गरिन्छ, नेपाली कांग्रेस एक जिम्मेवार राष्ट्रिय दलको भूमिकालाई बिर्सदै अत्यन्तै संकीर्ण, अनुदारवादी र जातीय दलको रूपमा आफूलाई संकुचित गर्छ । देशको समृद्धि, नयाँ नेतृत्वको विकास, अग्रगामी परिवर्तनका मुद्दा, चुस्त र इमानदार शासन-प्रशासन र युवा नेतृत्वलाई अवसर आदि विषयमा पनि नेपाली कांग्रेस अत्यन्तै उदासिन र असफल देखिन्छ ।

अनेकौं पटक जनताले बहुमत दिए पनि राष्ट्रिय र दुरगामी सोंचमा कमी, असक्षम र अदुरदर्शी नेतृत्व र दलभित्र रहेका अनेकौं विवाद एवम् अन्य आन्तरिक द्वन्द्वका कारणले जनताले आफूलाई दिएको भूमिका र अवसरलाई नेपाली कांग्रेसले सदुपयोग गर्न सकेको छैन । नेपाली कांग्रेस सजग, सचेत र समझदार भइदिएको भए अनेकौं पटकको मधेश/थरूहट आन्दोलन र ती आन्दोलनहरूमा दर्जनौं निर्दोष नेपालीहरूले ज्यान गुमाउनु पर्ने थिएन । समयमै निर्णय गर्न नसक्ने र पछि पछुताउने यो पार्टीको अर्को ठुलो कमजोरी हो ।

केही सीमित ३-४ देशलाई छोडेर संसारबाट लगभग विदा भइसकेका कम्युनिस्टहरु नेपालको संसदमा झन्डै दुई-तिहाइ पुगेको अवस्थाको पछाडि कम्युनिस्टहरूको सामर्थ्यले भन्दा नेपाली कांग्रेसको अकर्मण्यताले बढी काम गरेको छ । नेपालको पहिलो, लोकतान्त्रिक र प्रशस्त अवसर पाएको दल भएका कारणले देशमा भएका नक्कली कम्युनिस्टहरूको बिगबिगी, विश्व राजनीतिबाट विलुप्त भइसकेको लेनिनवादी र माओवादी पद्वति एवम् विचार र ती विचारका आधारमा जन्मिएका औचित्यहीन राजनीतिक संगठनहरूको उत्पतिको जिम्मेवारी नेपाली कांग्रेसले लिनुपर्छ । साथै नेपालको दलीय र संसदीय अभ्यासको क्रममा देखिएका परिवारवाद, नातावाद, सांसद खरिद-बिक्री, चुनावमा पैसा र बलको अत्यधिक प्रयोग, जनप्रतिनिधिहरूको असंस्कारी र अलोकतान्त्रिक आचरण, दलीय फाइदाको लागि सरकारी ढुकुटीको दोहन र राजनीतिक र कर्मचारीवृतमा देखिएको व्यापक भ्रष्टाचार जस्ता विसंगतिहरूको पहिलो अभ्यासकर्ता पनि नेपाली कांग्रेस नै हो ।

**नेपाली कांग्रेसको अर्को ठुलो असफलता लोकतान्त्रिक समाजवादको उत्कृष्ट विचार औपचारिक रूपमै ग्रहण गरेता पनि यसको सफल कार्यान्वयनमा नराम्रोसँग चुक्नु हो ।** लोकतान्त्रिक समाजवादमा पुँजीवादको सही र सन्तुलित प्रयोगले आर्थिक समृद्धि हासिल गरिन्छ भने कमजोर र स्रोतमा पहुँच नभएका वर्गहरूको शिक्षा, स्वास्थ्य, रोजगारी र अन्य आधारभूत आवश्यकताहरूको जिम्मा राज्यले लिन्छ । तर, २०४६ साल पछिको लगभग तीस वर्षको अवधिमा नेपालले अरू देशहरूको दाँजोमा विकास गर्नु त टाढाको कुरा हो, यहाँ सर्वशुलभ र गुणस्तरीय सार्वजनिक विद्यालय अथवा गरिबले सहजताका साथ उपचार पाउने अस्पताल पनि छैन । अझ रोजगारी र अन्य प्रभावकारी सामाजिक सुरक्षाको कुरा नगरेकै राम्रो । यो असफलताको पछाडिको

प्रमुख कारण हो नेपाली कांग्रेसले दिन नसकेको सक्षम नेतृत्व, निर्माण गर्न नसकेको दक्ष कर्मचारीतन्त्र, प्रयोग गर्न नसकेको देशको युवा जनशक्ति र विकास गर्न नसकेको उद्यमशीलता । यी सबको अनुपस्थितिमा लोकतान्त्रिक समाजवादको कुरा गर्नु स्वैरकल्पना बाहेक केही होइन ।

तर जे भएता पनि, पटक पटकको लोकतान्त्रिक आन्दोलनबाट खारिएका नेताहरू, राष्ट्रिय चुनौती सामना गर्नु पर्दा अरू दलहरूभन्दा लचक र कम्युनिस्टहरू जस्तो पटक पटक बोली फेरिरहने दल नभएका कारणले नेपाली कांग्रेस र यसका नेताहरूसँग बसेर छलफल गर्ने, मुद्दाहरूलाई सरलीकृत गर्ने र केही हदसम्म संसदमा र बाहिर पनि संवाद र सहकार्य गर्ने आदि मामिलामा नेपाली कांग्रेस सहज, विचारवान् र व्यावहारिक रहँदै आएको छ ।

## २.४.२ नेपालका कम्युनिस्ट पार्टीहरूः विचारशून्य सत्तालोलुप राजनीतिक उद्यमी

नेपालको राजनीतिमा संख्यात्मक उपस्थिति जनाए पनि कम्युनिस्ट पार्टीहरूले आफ्नो औचित्य सावित गर्न सकेका छैनन् । जुन पार्टीहरूले नश्लीय सोचको आधारमा आफ्नो विचार, कार्यक्रम र मुद्दाहरूको चयन गर्छ, जुन पार्टीहरूले दलको चुनावी रणनीति अन्तर्गत र साथै केही नेताको व्यक्तिगत महत्वाकांक्षा पुरा गर्न आफ्नै देशको एक तिहाइ जनसंख्यालाई विदेशी, बिखण्डनकारी र अराष्ट्रिय भन्न सक्छ, जुन पार्टीले राष्ट्रियता जस्तो अति संवेदनशील शब्दलाई पनि आफ्नो सुविधाको लागि गलत व्याख्या गरेर विभाजनको विषय बनाउन सक्छ र जुन पार्टीले चुनावमा अंकगणितीय अग्रताका लागि राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता र सामाजिक सद्भावलाई पनि बिथोल्न पछि पर्दैन, ती संगठनहरू राजनीतिक दल नै हो र त्यसको औचित्य छ भनेर कसरी भन्ने ? नेपालका कम्युनिस्ट पार्टीहरू स्वरूपमा राजनीतिक दल देखिएता पनि यी विचार, आचरण र व्यवहारले आफूलाई सिद्धान्तहीन, असंवेदनशील, चरम अवसरवादी, विकास विरोधी, संस्थागत रूपमै भ्रष्टाचारमा लिप्त, सत्तालोलुप र सरकार र सत्तामा जान जे पनि गर्न सक्ने र जोसँग पनि मिल्न सक्ने तथाकथित उपल्लो जातिहरूको राजनीतिक उद्यम गर्ने संगठनहरू हुन् । लगभग सबै कम्युनिस्ट पार्टीहरूको माथिल्लो नेतृत्व तहमा रहेका २० जना नेताहरूको अनुहार हेर्ने हो भने पनि छर्लङ्ग हुन्छ कि ती केही जाति विशेषका

पुरूषहरूको बाहुल्यता र वर्चस्व भएको पार्टीहरु हुन् । त्यहाँ मधेशी, दलित, मुस्लिम, महिला आदिको शून्यप्रायः उपस्थितिले यी संगठनहरूका जातीय र नश्लीय सोंच आफैंमा पुष्टि हुन्छ ।

यसका साथसाथै **कम्युनिस्ट पार्टीहरू राष्ट्रिय विकासमा तगारो हाल्ने सबैभन्दा अग्रणी संगठनहरू हुन् ।** अत्यन्तै महत्त्वको अरूण-तेस्रो जलविधुत आयोजना बन्ने क्रममा विश्व बैंकलाई पत्र नै लेखेर रोकेको वास्तविकता होस्, काठमाडौं-निजगढ द्रुतमार्ग निर्माणको सबै तयारी पूर्ण हुन् लागेको अवस्थामा विभिन्न बखेडा झिकेर अवरूद्ध गरेको अवस्था होस् अथवा पछिल्लो कालखण्डमा नेपालको लागि अहिलेसम्मकै सबैभन्दा ठुलो अनुदान अन्तर्गत विद्युत प्रशारणको दृष्टिले नेपालको मेरूदण्ड मानिएको आयोजना निर्माण गर्न नेपाल आएको एमसीसीलाई बिथोल्न गरेको अचम्मको प्रयास होस्, नेपालका कम्युनिस्ट पार्टीहरू मुखले विकास भने पनि विकासलाई सँधै अलपत्र पर्दै आएका दुई-जिब्रे संगठनहरू हुन् । नेपाली जनताको गरिबी, अशिक्षा, सचेतनाको अभाव, राज्यले प्रदान गर्ने सेवा र सुविधामा पहुँचको कमी र परम्परागत रूपमा रहँदै आएको जातीय विभेद र छुवाछुतलाई अन्त्य गर्नुको साटो त्यो भित्र खेल्दै बिपन्न वर्गलाई सम्पन्नताको झुठो सपना बाँड्दै आफ्नो राजनीतिक स्वार्थसिद्धिमा लागेका संगठित शक्तिहरू हुन् नेपालका कम्युनिस्ट पार्टीहरू । त्यसै गरिकन हरेक निर्वाचनमा गरिब र धनीको बीचमा फाटो ल्याएर विपन्न वर्गबाट प्रशस्त मत ल्याए पनि ती गरिब दशकौं पछि पनि गरिब नै रहेको कुराले कम्युनिस्ट पार्टीहरूले जनतालाई मतको लागि मात्र प्रयोग गर्ने र कसैको पनि हित गर्न नसक्ने भनेर प्रमाणित हुन्छ । तसर्थ, कुनै पनि तहको कुनै पनि निर्वाचनमा कम्युनिस्ट पार्टीहरूको समर्थनमा दिएको हरेक मत समावेशिताको विरोधमा, विकासको विरोधमा, राष्ट्रियताको विरोधमा, राष्ट्रिय अखण्डताको विरोधमा र सामाजिक सद्भावको विरोधमा स्वतः जाने निश्चित छ । नेपालका मतदाता यस विषयमा सचेत छन् ।

### २.४.३ जनता समाजवादी पार्टी, नेपालः मुद्दाविहीन र संकीर्ण जातीयता केन्द्रित सत्तामुखी पार्टी

जनता समाजवादी पार्टी, नेपालको स्थापना मधेश आन्दोलनको जगमा उभिएका राष्ट्रिय जनता पार्टी, नेपाल र समाजवादी पार्टी, नेपालको एकीकरण पश्चात्

भएको थियो । एकीकरणको पृष्ठभूमिमा थियो समाजवादी पार्टी, नेपाललाई टुक्र्याउन तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले ल्याउन लागेको दल विभाजन सम्वन्धी अध्यादेश । आफ्नै पार्टीका झन्डै आधा सांसदहरू दल फोडेर जान तम्तयार भएपछि राजपा नेपालको शरणमा आएका उपेन्द्र यादवको व्यक्तिगत राजनीति र उनको दललाई समेत उद्धार गरेको थियो राजपा नेपालको अग्रणी नेतृत्व पङ्क्तिले । तर, एकीकरण पश्चात् एक वर्ष पनि बित्न नपाउँदै उपेन्द्र यादवले आफ्नो कृतघ्नता, तुच्छता र अवसरवादीता प्रदर्शन गर्न थालिसकेका थिए । अन्त्यमा, उपेन्द्र यादवको व्यवहार अलोकतान्त्रिक, अराजनीतिक र अनैतिक हुन थालेपछि अर्को दल निर्माणको विकल्प बाँकी रहेन । तत्पश्चात्, आदरणीय नेता महन्थ ठाकुरको नेतृत्वमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालको गठन गरियो ।

समय सँगसँगै जनता समाजवादी पार्टी, नेपाल आफ्नो सोंच, व्यवहार र प्रस्तुतिको कारणले वैचारिक रूपमा असान्दर्भिक हुँदै गएको आभास हुन्छ । संविधान सभालाई निर्णायक मोडमा पुऱ्याउन भूमिका खेलेको र मधेश आन्दोलनको दौरान अग्र मोर्चामा रहेको माउ पार्टी मधेशी जनाधिकार फोरम, नेपालको साखलाई धुलिसात गर्दै अहिले मधेशको मुद्दालाई नै बिर्सिएर जसपा, नेपाल नेकपा (माओबादी केन्द्र) को भाइ पार्टीको रूपमा देखिएको छ । जसपा नेपालको लागि अहिले सत्ता प्राप्ति एक मात्र उद्देश्य भएको छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव कुनै समयमा समग्र मधेश र सबै मधेशीको प्रतिनिधित्व गर्थे तर अहिले उनको राजनीति केही सीमित जातीय समुहको तुष्टीकरणमा खुम्चिएको छ । **यो पार्टीले मधेशी, थारू, जनजाति र अन्य अल्पसंख्यकको मुद्दा त्याग गरेको मात्र नभएर समग्रमा मधेश-थरूहट आन्दोलनलाई अवमूल्यन गरेको छ ।** यसको एक मात्र उद्देश्य जसरी पनि, जुनसुकै शर्तमा र जोसँग भए पनि सरकारमा प्रवेश गर्ने बाहेक अरू केही देखिंदैन । दुर्भाग्य नै भन्नु पर्ला, कुनै एक कालखण्डमा परिवर्तनको संवाहक भएको यो पार्टी अहिले जातीय मतको जोड-घटाउ, संसदको अंकगणित र अन्य कम्युनिस्ट पार्टीहरू जस्तै निम्नस्तरीय राजनीतिक उद्यमशीलतामा लिप्त भएर आफूलाई औचित्यहीन, उद्देश्यहीन र सन्दर्भहीन बनाउनमा व्यस्त छ । जसपा, नेपाल अहिले कुनै विचार, कुनै वर्ग वा कुनै मुद्दाको प्रतिनिधित्व गर्दैन । जनता जानकार छन्, उचित निर्णय अवश्य गर्ने छन् ।

## २.५ संविधान संशोधनः अनिवार्य र यथाशीघ्र

**नेपालको नयाँ संविधान प्रक्रिया र परिणाम दुवै अर्थमा अपूर्ण छ ।** यसमा एक दशकको समय अर्बौंको लगानी, दुई-दुई पटक संविधानसभाको निर्वाचन र हजारभन्दा बढी जनप्रतिनिधिहरूको योगदान भए पनि संकीर्ण सोच, केही सीमित नेताहरूको निजी स्वार्थ र आत्मकेन्द्रित दल एवम् नेताहरूको सत्तामुखी क्रियाकलापले गर्दा ती सबै ऐतिहासिक प्रयास, लगानी र आकांक्षाहरू अहिले अलपत्र परेका छन् । यसमा ७ देखि ७० वर्षसम्मका ११५ भन्दा बढी अवोध र निर्दोष नेपालीहरूको रगतको टाटो छ । यो संविधानको विरोधमा हजारौं नेपालीहरू विशेष गरिकन मधेशी र थारू घाइते र अङ्गभङ्ग भएका छन् । लोसपा नेपाल यो संविधान निर्माणको प्रक्रियाका साथै यसमा कोरिएका प्रादेशिक सीमानाहरू, संघीयता कार्यान्वयनका व्यवस्थाहरू, संघ, प्रदेश र स्थानीय तहहरूको बीचमा गरिएको अधिकारको बाँडफाँड, नागरिकताको बारेमा राखिएको प्रावधान, निर्वाचन क्षेत्रहरूको रेखांकन, राष्ट्रिय सभामा प्रतिनिधित्वका आधारहरू, भाषासँग जोडिएका विषयवस्तुहरू र समावेशिताका आधार र अवस्थाहरूप्रति असहमति राख्दछ । संविधानसभामा असहमतिको आवाज दबाउन जनप्रतिनिधिलाई अपमानित गर्ने गरी अत्याधिक संख्यामा गरिएका मार्शलहरूको प्रयोग; संविधानसभामा वर्जित भए पनि अघोषित ह्विप (whip) को दबाव; सडकमा मधेशी, थारू, दलित, जनजाति र महिलाहरूद्वारा गरिएका शान्तिपूर्ण प्रदर्शनहरूमा धरपकड, दमन र गोलिप्रहार; मधेशी दलहरूसँग गरिएका अनेकौ समझदारी र सम्झौताहरूको निर्लज्ज उल्लंघन; अंकगणितको वलमा संविधान जारी गर्न संविधानसभाका प्रावधानहरूलाई वेवास्ता गर्दै अनपेक्षित र द्रुतगतिमा संविधान लेखनको प्रक्रिया र सवैभन्दा महत्त्वपूर्ण संसारकै सवभन्दा लामो पाँच महिनासम्म चलेको निरन्तरको शान्तिपूर्ण आन्दोलनलाई गरिएको उपेक्षा र अपमान आदि घटनाक्रम एवं तथ्यहरूको आधारमा यो संविधान स्वीकार्य हुन नसक्ने कुरा प्रमाणित हुन्छ । त्यसैले, यो संविधान सम्पूर्ण नेपालीको दीर्घकालीन हितमा र विशेष गरिकन मधेशी, शिल्पी/दलित, थारू, मुस्लिम, आदिवासी, जनजाति, पिछडावर्ग, अल्पसंख्यक समुदाय, विपन्न वर्ग लगायत वहिष्करण तथा वन्चितीकरणमा परेका र पारिएका हरेक पात्र र पक्षको अधिकारको लागि संसोधन हुनुपर्छ । लोसपा नेपाल यसको लागि गर्नुपर्ने हरेक संघर्ष र त्यागको लागि सधैं तयार छ, रहिरहने छ ।

# परिच्छेद-३

## लोसपा नेपालको विचारधाराः लोकतान्त्रिक समाजवाद

नेपालमा दलहरू वैचारिक रूपमा शून्यतामा झरेको वेलामा लोकतान्त्रिक समाजवादी पार्टी नेपालले लोकतान्त्रिक समाजवादको चरित्र, संरचना र अभ्यास अँगालेर एक्काइसौं शताव्दीको एक जिम्मेवार राजनीतिक शक्तिको रूपमा आफूलाई उभ्याएको छ । दर्ताको हिसाबले लोसपा नेपाल एक नयाँ दल भएता पनि दलका अध्यक्ष श्री महन्थ ठाकुर तथा राजेन्द्र महतो, शरतसिंह भण्डारी, अनिल झा, सर्वेन्द्र नाथ शुक्ल एवम् जितेन्द्र सोनल जस्ता अन्य शीर्ष नेताहरूको संघर्ष, त्याग, अनुभव, योगदान र सक्षमताको कुरा गर्ने हो भने वहाँहरू नेपालकै सर्वाधिक खारिएका र महिला, मधेशी, शिल्पी/दलित, थारू, मुस्लिम, आदिवासी, जनजाति, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, विपन्नवर्ग लगायत बहिष्करण तथा वन्चितीकरणमा परेकाहरूको सम्मान, स्वाभिमान र अधिकार प्राप्तिको लडाइँमा होमिनु भएका अग्रणी मोर्चाका नेताहरू हुनुहुन्छ ।

निर्वाचन आयोगमा हालसम्म औपचारिक रूपमा १११ वटा दल दर्ताको अवस्थामा रहेता पनि स्थानीय तहको निर्वाचनको लागि जम्मा ७९ वटा दलहरूले आफूलाई सूचिकृत गरेका छन् । ती मध्ये करिब एक दर्जन दलहरूले आफूलाई समाजवादी भन्न रूचाएका छन् । रोचक कुरा के हो भने नेपालका राष्ट्रिय मान्यता प्राप्त सबै ६ वटा राजनीतिक दलहरूले आफूले कुनै न कुनै रूपमा समाजवादलाई विचारधाराको रूपमा आत्मसात् गरेको आभास दिइरहेका छन् र यहाँनेर नेपाली मतदाताहरू सतर्क हुनुपर्ने अवस्था सिर्जना भएको छ । अभिव्यक्तिहरूमा, दस्तावेजहरूमा र नेताका भाषणहरूमा समाजवाद भन्ने शव्द उल्लेख भएता पनि यसभित्रको अन्तरनिहित अर्थ भने दल र नेताहरूको विगत, वर्तमान, बोली/व्यवहार तथा वेलावेलामा शीर्ष नेताहरूको आफ्ना कार्यकर्ताहरू माझ एकान्तमा प्रकट भएका संवादहरूमा खोज्नुपर्ने हुन्छ । **नेपालमा समाजवादको बखान लोकतान्त्रिक र साम्यवादी दुवै कित्ताबाट हुने गरेको छ तर साम्यवादी खेमाबाट भनिएको समाजवाद आवरणमा जे भएता पनि सारमा त्यो साम्यवाद वा कम्युनिज्म नै हो ।** यो कुरा नेपालमा सत्ताको नेतृत्व साम्यवादी दलहरूले गरेको समयमा तिनका व्यवहार, निर्णय, नीति र

घोषणा आदिलाई हेर्ने हो भने छर्लङ्ग हुन्छ । आजको संसारबाट झन्डै झन्डै केही अपवादका मुलुकहरूलाई छोड्ने हो भने विलुप्त भइसकेको कम्युनिज्म भन्ने शव्दलाई नेपालमा साम्यवादीहरूले ढाकछोप गर्न समाजवादलाई जलपको रूपमा प्रयोग गर्दै आएका छन् ।

शास्त्रीय रूपमा समाजवादलाई बुझ्दा यसका केही फरक स्वरूपहरूको बारेमा पनि कुरा गर्नुपर्ने हुन्छ जस्तो कि सामाजिक लोकतन्त्र, लोककल्याणकारी राज्य र लोकतान्त्रिक समाजवाद आदि । समाजवादको फरक स्वरूपहरूको बहसलाई छोटो पार्दै समग्रमा भन्ने हो भने यो वस्तुतः उन्मुक्त पुँजीवादले जन्माउन सक्ने विकृतिहरूलाई न्यूनीकरण गर्दै साम्यवाद/कम्युनिज्मले पैदा गर्ने एक दलीय वा कुनै एक व्यक्ति वा परिवारको निरंकुशता वा तानाशाहीलाई सम्पूर्ण रूपमा निषेध गर्दै आमनागरिकको हक, हित, अधिकार र अवसरलाई संरक्षण गर्ने आधुनिक विचारधारा हो । अर्को अर्थमा यसले पुँजीवादको सकारात्मक पक्षलाई समेट्दै पूर्ण लोकतान्त्रिक राज्यप्रणाली अन्तर्गत जनकल्याणकारी राज्यको अवधारणालाई अंगीकार गरेको हुन्छ ।

आजको विश्वमा केही सीमित देशलाई छोडेर लगभग सबैले समाजवादलाई कुनै न कुनै रूपमा स्वीकारेको देखिन्छ । डेनमार्क, स्वीडेन, नर्वे, आइसल्याण्ड, फिनल्याण्ड आदि जस्ता पश्चिमेली युरोपका मुलुकहरूले "सामाजिक लोकतन्त्र"को नाममा समाजवादको अत्यन्तै सफल प्रयोग गरेका छन् । भारतमा नेहरूले समाजवादकै अर्को स्वरूप लोकतान्त्रिक समाजवादलाई भित्र्याए भने नेपालमा लोकतान्त्रित समाजवादको कुरा गर्ने पहिलो व्यक्ति वी.पी. कोइराला थिए । उनले लोकतान्त्रिक समाजवादलाई नेपाली कांग्रेसको मूल विचारको रूपमा स्थापित गरे ।

तर नेपाली कांग्रेसले भन्दै आएको लोकतान्त्रिक समाजवाद र लोसपा नेपालले स्थापना गर्न खोजेको लोकतान्त्रिक समाजवादमा भिन्नता छ । पहिलो भिन्नता हो नेपाली कांग्रेसको नेपालको सांस्कृतिक र जातीय विविधतालाई हेर्ने दृष्टिकोणः मधेशी, थारू, शिल्पी/दलित, जनजाति आदिको आन्दोलन, संघीयता प्राप्तिको आन्दोलन र संविधानसभाबाट संविधान बनाउँदा नेपाली कांग्रेसले देखाएको असहिष्णुता र अनुदार व्यवहारबाट यो दलले अझै पनि लोकतान्त्रिक समाजवादको

मर्मलाई आत्मसात् गर्न नसकेको प्रस्ट हुन्छ । दोस्रो भिन्नता हो समावेशिताको अवधारणा र अभ्यासको बारेमा: संविधानले, कानुनले अथवा आफ्नै विधानले बाध्य नपारेसम्म नेपाली कांग्रेस समावेशिताको लागि सिन्को समेत भाँच्न तयार देखिँदैन । नेपाली कांग्रेसले सुरूवातदेखि नै विशेष गरिकन गणतन्त्रको प्राप्तिपछि गरेको कुनै पनि संवैधानिक, राजनीतिक वा कुटनीतिक नियुक्तिहरूको सूची हेर्ने हो भने त्यसमा कुनै अमुक जातीय समूहलाई अत्याधिक प्राथमिकता र महिला, मधेशी, थारू, शिल्पी/दलित र जनजाति लगायत अन्यलाई नगन्य स्थान दिएको पाइन्छ । जबकी लोसपा नेपाल सबैको व्यावहारिक समानता र समतामूलक समावेशितामा विश्वास गर्दछ । तेस्रो भिन्नता हो नेपाली कांग्रेस पटक पटक सरकारको नेतृत्व गरे पनि लोकतान्त्रिक समाजवादको भावना अनुरूप नीति, नियम र कार्यक्रम ल्याउन पूर्ण रूपमा असफल हुनु: राज्यले पर्याप्त कर संकलन गरे पनि शिक्षा, स्वास्थ्य, रोजगारी आदिको क्षेत्रमा गरिब र निमुखालाई गुणस्तरीय सेवा पुर्‍याउन सकेको छैन । लोसपा नेपाल यी पक्षहरूको बारेमा पर्याप्त सजग र तयार छ ।

तसर्थ **लोसपा नेपालको लोकतान्त्रिक समाजवादले नेपालमा विद्यमान हरेक किसिमको सांस्कृतिक, भाषिक, जातीय, लैङ्गिक र क्षेत्रीय विविधतालाई पूर्ण सम्मान गर्दछ र तिनको समानुपातिक समावेशिता र समतामूलक विकासको लागि समर्पित छ ।** लोसपा नेपालले योग्यता, क्षमता, स्रोत र सामर्थ्यले भ्याएसम्म व्यक्तिको सम्पति माथिको अधिकारको पूर्ण उपभोग गर्दै व्यावसायिक र अन्य स्वतन्त्रताको प्रयोग गरेर वैधानिक तरिकाले नैतिकताका साथ पुँजी निर्माण, नाफा आर्जन र कारोबार विस्तार गर्ने अवसरलाई सम्मान गर्दछ । तर, मुनाफा कमाउने वर्गसँग प्रगतिशील कर संकलन मार्फत आयस्तर कम भएका वा कमजोर वर्गका लागि शिक्षा, स्वास्थ्य, रोजगार एवम् अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरूमा खर्च गर्नुपर्दछ । लोसपा नेपाल कुनै पनि तरिकाले नागरिकको स्वतन्त्रता हनन, कुनै पनि अधिकारमा संकुचन वा अन्य कुनै निरंकुशताको अभ्यासलाई समूल अस्वीकार गर्दछ ।

# परिच्छेद-४

## लोसपा नेपालको वैचारिक धरातल

### ४.१ सहभागितामूलक समावेशी लोकतन्त्र

लोकतन्त्र सवैभन्दा मानवीय, व्यवहारिक, जनमुखी र विकास उत्प्रेरक राजनीतिक प्रणाली भएकाले आजको विश्वमा यसको विकल्प छैन । तर, नेपालमा लोकतन्त्रको मूल्य, मान्यता र आचरणलाई गौण गर्दै यसलाई चुनावी बाध्यता र सरकार निर्माणको संसदीय अभ्यासमा मात्र सीमित गरिएको छ । लोकतन्त्रको तथाकथित लामो अभ्यास गरेका दलहरूले पनि लोकतन्त्रलाई गरेको दुरूपयोग र लोकतन्त्रको गरिमालाई पूर्ण बेवास्ता गर्दै गरेका व्यवहारका कारणले बेलाबखतमा लोकतन्त्रप्रति नै अविश्वास जन्मिएको छ । लोसपा नेपाल लोकतन्त्रको मर्मलाई पूर्ण सम्मान गर्दछ र यसको सबै दार्शनिक, सैद्धान्तिक र व्याबहारिक पक्षहरूलाई आत्मसात् गर्दै संसदीय, दलीय र व्यक्तिगत जीवनमा समेत लोकतन्त्रको सार्थक अभ्यास हुनुपर्ने मान्यता राख्दछ । तर कुनै पनि लोकतन्त्र तबमात्र सार्थक हुन्छ जव यो सहभागितामूलक र समावेशी हुन्छ । तसर्थ, लोसपा नेपालले आत्मसात् गरेको समाजवादी लोकतान्त्रिक गणतन्त्रमा सबै वर्ग, जात, जाति, भाषा, लिङ्ग, धर्म, संस्कृतिका समुदायहरूलाई राज्यका नीति निर्माणमा सहभागी गराउन तथा राजनीतिका मूलप्रवाहमा समावेश गर्न सहभागितामूलक समावेशी लोकतन्त्रको मान्यतालाई आत्मसात् गरिएको छ ।

### ४.२ पहिचान सहितको सङ्घीयता

नेपालमा आफ्ना ऐतिहासिक थातथलो वा मानव भूगोल, साझा भाषा, साझा संस्कृति, साझा आर्थिक जीवन र साझा मनोभावना भएका सबै समुदायहरु नेपालका राष्ट्रहरू हुन् । तिनीहरु सबैको पहिचान र अधिकार सहितको सङ्घीय शासन प्रणाली अपनाउनु पर्छ । प्रदेशलाई अवशिष्ट अधिकार दिइनुका साथै अल्पसङ्ख्यक समुदायहरूका हित रक्षा हुनेगरि सङ्घीय संरचनाको निर्माण गर्नुपर्छ । देशको समग्र विकासका लागि संघीय संरचना अन्तर्गत संघ, प्रदेश र स्थानीय सरकार बीच उपयुक्त समन्वयात्मक सम्बन्ध विकसित गर्नुपर्ने आवश्यकता

देखिन्छ । प्रदेश तथा विशेष संरचनाहरु पहिचानमा आधारित स्वायत्त तथा अधिकार सम्पन्न हुनुपर्छ । तिनीहरूले राजकीय तथा सार्वजनिक मामिलाहरूमा स्वशासन तथा स्वायत्तताको अधिकार पाउनुपर्छ । यस अर्थमा पहिलो संविधान सभाको क्रममा तत्कालीन राज्य पुन:संरचना आयोगले निर्धारण गरेको १० जोड १ को सङ्घीय प्रणाली देशका लागि एक उत्तम विकल्प हुनसक्छ । अर्को विकल्पको रूपमा लोसपा नेपालले तराई-मधेशका २२ वटै जिल्लाहरू मधेश प्रदेशमा हुनुपर्ने माग अघि सार्दछ ।

## ४.३ स्वतन्त्र र समावेशी न्यायपालिका

जनताको मौलिक, संवैधानिक, राजनीतिक र अन्य कानुनी हक र अधिकारको संरक्षणका लागि स्वतन्त्र न्यायपालिका राज्यको अपरिहार्य अङ्ग हो । सामान्य अवस्थामा न्याय प्रणाली वा न्यायालयलाई सार्वजनिक टिकाटिप्पणीको विषय बनाइदैन, बनाउनु हुँदैन । तर, नेपालको संविधानमा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो भन्ने कुरा लिपिबद्ध भइसकेको अवस्थामा पनि नेपालको न्यायपालिकामा अधिकांश न्यायमूर्ति र कर्मचारीहरू एउटै जाति र एउटै भाषाभाषी भएका कारणले नेपालको न्याय क्षेत्रले विविधताको मर्म र नयाँ संविधानको भावनालाई आत्मसात् गर्न सकेको देखिँदैन । यसका साथै नेपालको न्यायपालिका भाषा लगायत नागरिकता र अन्य समावेशिताका सवालहरूमा संविधानको भावना विपरीत उभिएको देखिन्छ । यसले आलोचना र विवाद निम्त्याएको छ । तसर्थ, लोसपा नेपाल स्वतन्त्र न्यायपालिकाको साथसाथै समावेशी न्यायपालिकाको पक्षमा पनि उभिएको छ । न्यायपालिका मात्र नभई नेपालको सम्पूर्ण न्यायसेवा नै समावेशी हुनुपर्दछ भन्ने पार्टीको मान्यता छ ।

## ४.४ स्वतन्त्र, स्वच्छ, प्रविधियुक्त र सबैको निर्वाचन

समय सँगसँगै निर्वाचन प्रणाली प्रक्रिया, प्रविधि, परिणाम, गुणवत्ता र विश्वसनीयताको आधारमा परिस्कृत र पत्यारिलो हुँदै जानु पर्ने हो । दुर्भाग्यबस, नेपालको निर्वाचन अभ्यासमा जसरी पनि चुनाव जित्नु पर्ने मानसिकता; पैसा, बल, त्रास र प्रलोभन आदिको अत्याधिक प्रभाव; र प्रहरी, प्रशासन तथा सरकारी संयन्त्रको अनुचित प्रयोग बढ्ने क्रममा रहेको छ । यो अवस्था यथावत रहेमा सम्भवत: आउने दिनहरूमा पहिचान र अधिकारको लागि लड्दै आएका नेपालीहरूको

सपनाको रूपमा रहेको प्रतिनिधिमूलक, समानुपातिक समावेशी र सक्षम नेतृत्व हुनुपर्ने देशको नीति र कानुन निर्माणको सर्वोच्च थलो संसद र अन्य विधायिकाहरू बाहुबली, धनाढ्य र अपराधीहरूको क्रीडास्थल हुन जाने खतरा देखिंदै छ । तसर्थ, लोकतन्त्रको संस्थागत विकास र बहुदलीय व्यवस्थाको सबलीकरणका लागि राजनीतिक दल व्यवस्थापनसँग सरोकार राख्ने ऐनहरूमा आवश्यक संशोधन, हरेक तहको निर्वाचनमा विद्युतीय निर्वाचन प्रविधिको प्रयोग र चुनाव घोषणा गर्ने विशेषाधिकार सहितको शक्तिशाली निर्वाचन आयोगको पुनर्गठनको पक्षमा लोसपा नेपाल उभिएको छ । साथै, स्वदेश तथा विदेशमा रहेका मताधिकारको उमेर पुगेका नेपाली नागरिकहरूको मतदाता नामावलीमा नाम दर्ता गर्न तथा नेपाल बाहिरबाटै मतदान गर्न पाउने अधिकार व्यावहारिक रूपमा नै सुनिश्चित गर्न आवश्यकता अनुसार कानुनी व्यवस्था गरी यथाशीघ्र सबै नेपालीले मतदान गर्ने अवसर सिर्जना गर्नुपर्छ ।

## ४.५ समावेशी र समतामूलक राज्यव्यवस्था

असमावेशीताले असमानताको जन्म दिन्छ, असमानताले विद्रोहको र विद्रोहले अस्थिरताको । तथ्यांकले पुस्टि गर्छ, ऐतिहासिक रूपमा लोकतन्त्रको प्राप्तिपछि पनि नेपालमा राज्यका सबै अङ्ग, संयन्त्र तथा निकायहरूमा केही जाति विशेषको वाहुल्यता रहँदै आएको छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सबै तह एवम् कार्यालयहरू र साथै नेपालको कर्मचारीतन्त्र, सेना, प्रहरी, संवैधानिक निकाय र राज्यबाट हुने हरेक नियुक्ति आदिमा मधेशी, शिल्पी/दलित, थारू, मुस्लिम, आदिवासी, जनजाति, पिछडावर्ग र अल्पसंख्यकहरूको उपस्थिति तिनको जनसंख्याको अनुपातमा अत्यन्तै न्यून रहने गरेको छ । देशमा लगभग हरेक १०-१५ वर्षको अन्तरालमा हुने आन्दोलन र हरेक आन्दोलनमा संविधान परिवर्तनको मागको पछाडि असमावेशिता मूल करणको रूपमा रहेको छ । नयाँ संविधानले संसद र राज्यलाई केही हदसम्म समावेशी बनाउने प्रयास गरेको छ । तर, यो अझै अपूर्ण छ । विशेष रूपमा नेपालको न्यायालय, सेना र प्रहरीलाई समावेशी बनाउने नीति, नियम र नियतमा आमूल परिवर्तन नै गर्नुपर्ने देखिन्छ । **'देश मेरो हो तर राज्य मेरो भएन'**को आम जनधारणालाई परिवर्तन गर्न जरुरी छ । सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायहरूको संरक्षण तथा विपन्नमाथिको उत्पीडन र विभेदको अन्त्य गरिनुको साथै तिनका लागि विशेष

आरक्षण लगायतको व्यवस्था गरिनुपर्छ । समावेशिता र समतामूलक अभ्यास अल्पकालमा महँगो देखिए पनि यसको दीर्घकालीन महत्त्व अत्यन्तै प्रवल हुन्छ । यी राज्यको अस्तित्व, राजनीतिको स्थिरता र नागरिकको विकाससँग प्रत्यक्ष जोडिएका हुन्छन् । लोसपा नेपालको संघर्ष राज्य सबैको साझा बनाउने दिशामा अनवरत रहिरहने छ ।

## ४.६ साझा र बहुसांस्कृतिक राष्ट्रियता

लोकतान्त्रिक व्यवस्थामा बहुसंस्कृतिवादको मान्यता अनुरूप जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधतालाई अभिव्यक्त हुन दिनुका साथै सङ्घीय शासन प्रणालीसहितको समाजवादमा एकल जातीय राष्ट्रवादका विकल्पमा बहुलतायुक्त साझा राष्ट्रवादलाई अँगाल्नुपर्छ । सङ्घमा साझा राष्ट्रियता र प्रदेशहरूमा प्रादेशिक राष्ट्रियताको विकास गरी राष्ट्रिय एकता प्रवर्धन गर्ने नीति लिनुपर्छ । तर, पुरातन एकाङ्की र नश्लीय सोचबाट ग्रसित नेपालको नेतृत्व पङ्क्तिमा राष्ट्रियतालाई लिएर संकीर्णता र अतिवाद हावी भएको देखिन्छ । परम्परागत रूपमा र विशेष गरिकन २००७ सालपछि नेपाल केही सीमित जातीय पहिचान भएका, मातृभाषाको रूपमा खस भाषा बोल्ने र पोशाकको रूपमा टोपी एवम् दौरा सुरूवाल धारण गर्नेहरूको मात्र हो भनेर चित्रण गरिंदै थियो । वि. सं. २०६२-६३ को आन्दोलन र अनेकौं चरणका मधेश र थारूहरूको आन्दोलनपछि यो अवस्थामा केही परिवर्तन आउनु पर्ने हो तर केही साम्यवादी दल र अन्य संकीर्ण सोच भएका नेताहरूको व्यक्तिगत र दलीय फाइदाका लागि नेपालमा राष्ट्रियता भनेको भारतको विरोध गर्नु र भारतसँग जोडेर मधेशी समुदायलाई अपमानित गर्नुमा मात्र सीमित राखेको देखिन्छ । यो राष्ट्रियता होइन, राष्ट्रघात हो । यो आफ्नै नागरिकको अपमान पनि हो । नेपालको राष्ट्रियता नेपालको विविधतामा खोजिनुपर्छ । नेपालको सीमाना भित्र बस्ने र नेपालको नागरिकता प्राप्त योग्य हरेक व्यक्ति नेपाली हो र सबैको हक र अधिकार बरावर हुनुपर्छ । कुनै पनि नेपालीको राष्ट्रियता उसको देशप्रतिको माया, समर्पण, कर्तब्य पालना, दायित्व बहन र मुलुकलाई गर्न सक्ने योगदानमा खोजिनुपर्छ न कि उसको रंग, अनुहार, बोली वा पोशाकमा । तसर्थ, राष्ट्रियताको परिभाषा खोज्ने र यसको जगेर्ना गर्ने जिम्मा अब कुनै दल विशेषलाई होइन, जनता आफैले बोक्नुपर्छ । हरेक विभाजनकारी सोच, अभिव्यक्ति र कार्यप्रति सचेत रहँदै त्यस्तो कुनै पनि प्रयासलाई दुरूत्साहित गर्नुपर्छ ।

## ४.७ नेपाल सुहाउँदो लोकतान्त्रिक अर्थतन्त्र

नेपाल संसारकै एक विशिष्ट भूभागमा रहेको, अद्‌भूत भौगोलिक विविधता र बेजोड सांस्कृतिक मिश्रण भएको अनुपम देश हो । अपार प्राकृतिक सम्पदा विशेष रूपमा प्रचुर जलस्रोत, प्रशस्त युवा जनशक्ति, नजिकै रहेका भारत र चीनका विशाल वजारहरू र पर्यटकीय दृष्टिकोणले अत्यन्तै राम्रो अन्तर्राष्ट्रिय छवि हुँदाहुँदै पनि नेपाल आर्थिक विकासका सूचकांकहरूको आधारमा पुछारको मुलुक बन्न पुगेको छ । यो मूलतः राजनीति र अर्थनीति बीचमा रहेको असमानजस्यता, नेतृत्व पङ्क्तिमा अर्थव्यवस्थाप्रतिको अरूचि र बेवास्ता, नेपालको मौलिक उत्पादन र सम्भावनाहरूको खोजीमा उदासिनता, देशमा उपलब्ध प्राकृतिक र मानवीय स्रोतहरूको सही सदुपयोग र तिनको बिक्रीयोग्य वस्तुमा रूपान्तरण नहुनु, छिमेकमा रहेका वस्तु, सेवा र पुँजी बजारको यथेष्ट लाभ उठाउन नसक्नु र साथै वैदेशिक लगानीमा उलेख्य बृद्धि नहुनु, एवम् नीतिगत अस्थिरता आदिका कारणले हुन गएको हो । चुनावी घोषणापत्र र नेताहरूको मुखमा समाजवाद, पुँजीवाद, उदारवाद र अन्य अनेकौं वादहरू भए पनि व्यवहारमा ती सब अवसरवाद, नातावाद र कृपावादमा रूपान्तरित भएका छन् । प्रक्रिया, प्रविधि, पुँजी र बजारले प्राथमिकता पाएको अहिलेको विश्वमा नेपालको विशेषता र सबल आर्थिक पक्षहरूलाई समेट्दै लोकतान्त्रिक समाजवादलाई प्रभावकारी तरिकाले लागु गर्न सक्नुपर्छ । राष्ट्रिय पुँजी निर्माणको स्रोत र प्रक्रियालाई विस्तार गर्दै, विदेशी लगानीलाई सहजीकरण र प्रोत्साहन प्रदान गर्दै, निजी क्षेत्रलाई अवसर र संरक्षण दुवै सुनिश्चित गर्दै लोककल्याणकारी राज्यको जिम्मेवारीलाई वहन गर्न सक्ने नेपाल सुहाउँदो मौलिक र व्यावहारिक अर्थव्यवस्था निर्माण गर्न सक्नु अहिलेको चुनौती हो । निजी क्षेत्र पूर्ण रूपमा विस्तारित, विकसित र जिम्मेवार भई नसकेको अवस्था र सरकारी लगानीमा खुलेका अधिकांश उद्योग र कारोबारहरूले पनि अत्यन्तै कमजोर प्रदर्शन गरिरहेको वास्तविकता दुवैलाई स्वीकार गर्दै सार्वजनिक निजी साझेदारी (Public Private Partnership) को अवधारणालाई मजबुत गर्दै लैजानु पर्छ । खुला बजार, मिश्रित अर्थव्यवस्था, व्यक्तिगत सम्पत्तिको सुरक्षा, अन्तर्राष्ट्रिय लगानी र प्रविधि हस्तान्तरण, युवा जनशक्तिको प्रयोग, नयाँ अवसर र रोजगारीको सिर्जना, प्राविधिक र व्यावसायिक शिक्षा, गुणस्तरीय सामानको उत्पादन,

अनावश्यक आयातमा नियन्त्रण, आयात प्रतिस्थापन, निर्यातजन्य वस्तु र सेवाको विकास, अन्तर्राष्ट्रिय बजारको खोजी, वित्तीय संस्था एवम् उद्यमीहरूबीच सहकार्य एवम् समानजस्यता तथा शोध, अन्वेषण एवम् अनुसन्धान आदि त्यस्ता नीतिगत र व्यावहारिक विषयहरू हुन् जसको सही र सन्तुलित प्रयोग एवम् नियमनले मात्र आजको विश्वमा देखिएका आर्थिक चुनौतीहरूलाई नेपालले डटेर सामना गर्न सक्छ ।

## ४.८ राष्ट्रहितमा सन्तुलित विदेश नीति

नेपालले अन्तर्राष्ट्रिय जगतमा आफ्नो स्वतन्त्र पहिचान र छुट्टै अस्तित्व कायम गर्दै आएको एक विशिष्ट राष्ट्र हो । आजको विश्वमा शान्तिपूर्ण सहअस्तित्व, सार्वभौम समानता, पञ्चशीलको सिद्धान्त, भूपरिवेष्ठित देशको अधिकार, राष्ट्रिय सुरक्षा, सांस्कृतिक अनतिक्रमण र देशको समृद्धि लक्षित सम्बन्ध नै हाम्रो पर राष्ट्र नीतिको आधार हुनुपर्दछ । हाम्रो देशको भू-राजनीतिक स्थिति मध्यनजर गर्दै सन्तुलित र विश्व समाजको एक्काइसौं शताव्दीको लक्ष्यसँग हाम्रो परराष्ट्र नीति जोडिनु पर्दछ । फरक-फरक सभ्यता भएका, बेग्ला-बेग्लै इतिहास बोकेका, द्रुतगतिमा विकास गर्दै गरेका, आणविक शक्ति सम्पन्न र सबैभन्दा बढी जनसंख्या भएका दुई विशालकाय मुलुकहरू भारत र चीनबीच अवस्थित नेपालको आफ्नै खाले क्षेत्रीय र अन्तर्राष्ट्रिय रणनीतिक महत्त्व छ । दुवै देशहरूसँग हाम्रो परम्परागत रूपमा राम्रो सम्बन्ध रही आएको छ तर बेला बखतमा ठुला राजनीतिक दलहरूका केही नेताहरूका क्षणिक व्यक्तिगत, राजनीतिक र चुनावी स्वार्थको कारणले एकका विरूद्धमा अर्काको प्रयोग वा एकसँग नजिक र अर्कासँग टाढा हुने दृष्टान्तहरू पनि छन् । यस्ता कार्यले हाम्रो आपसी सम्बन्धहरूमा अनावश्यक तनाव ल्याउने गरेको छ । हामीले भारतसँगको भौगोलिक, धार्मिक, भाषिक, सांस्कृतिक, ऐतिहासिक र रोटीवेटी/पारिवारिक सम्बन्धलाई विशेष महत्त्व दिनुपर्छ । त्यस्तै, चीनसँगको सम्बन्ध पनि एक अर्काको हितलाई ध्यानमा राख्दै नजिकको, असल एवम् भरपर्दो छिमेकीको रूपमा अत्यन्तै घनिष्ट र आत्मीय हुनुपर्छ । भारत र चीन दुवै देश विरूद्ध नेपालको भूमि कुनै पनि हालतमा प्रयोग गर्न दिनु हुँदैन । तसर्थ छिमेकी देशहरू हुन् वा समुद्र पारिका वेलायत, अमेरिका, युरोपियन

युनियनका देशहरू होस् वा अन्य कुनै मुलुकहरू हुन्, नेपालको आफ्नै स्वतन्त्र विदेश नीति हुनुपर्छ । यो राष्ट्रहितलाई ध्यानमा राखेर संचालन गरिनुपर्छ ।

## ४.९ सुशासन, सदाचार र भ्रष्टाचारमुक्त समाज

अहिले नेपालको राज्यव्यवस्था भ्रष्टाचारको पर्याय जस्तो भएको छ । देशको कर्मचारीतन्त्र, न्यायालय, सुरक्षा निकाय लगायत राज्यका सबै अङ्गहरू यसका बाहक बनेका छन् । भ्रष्टाचारको अन्त्य गरी राजनीति र सार्वजनिक सेवाको क्षेत्रमा सुशासन र सदाचार कायम गर्नु हाम्रो आधारभूत लक्ष्य हो । दुर्भाग्यवस, भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक र प्रशासनिक अङ्ग र निकायहरू ठुला दलका मातहतका कार्यालयका रूपमा काम गर्दै छन् । **त्यसैले भ्रष्टाचार र अनुचित कार्यमाथि नागरिक तहबाट निगरानी राखेर त्यसबारे छानबिन र आवश्यक कार्वाही सिफारिस गर्न स्वतन्त्र र निष्पक्ष जनलोकपालको व्यवस्था गरिनुपर्छ ।** यसका साथसाथै भ्रष्टाचार र भ्रष्टाचारी सामाजिक रूपमै अस्वीकार र वहिष्कारको विषय बनाउन सामाजिक जागरूकता र जनचेतनाको क्षेत्रमा पनि काम गर्नुपर्छ ।

## ४.१० पर्यावरणीय सन्तुलन र संरक्षण

वर्तमान विश्वमा तीब्र गतिले बढिरहेको औद्योगिकीरण, जैविक, रासायनिक तथा आणविक हतियारको होड र त्यसबाट उत्पन्न हुने विकिरणयुक्त पदार्थ, हरित गृह, जलवायु प्रदूषण आदिका कारण तापमान बृद्धि भई समस्त मानवसामु विनाशकारी डढेलो, उष्णवायु, आँधी, सुनामी, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, हिमपहिरो तथा सुख्खा जस्ता प्राकृतिक विपद्को जोखिम बढेको छ । जैविक विविधता तथा पर्यावरण संरक्षण एवम् सन्तुलनका लागि पार्टीले ठोस कदम चालिनुपर्छ । विकासका कार्यहरू अगाडि बढाउँदा पर्यावरणमैत्री, सन्तुलित र न्यायोचित ढङ्गले अगाडि बढाइनुपर्छ ।

**शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार**
**विकासका लागि लोसपाका चार आधार !**

# परिच्छेद-५

## लोसपा नेपालको २० प्रतिवद्धता

आम जनताले दैनिक रूपमा सबैभन्दा बढी सरोकार राख्ने, व्यवहार गर्ने र अपेक्षा हुने भनेको नै स्थानीय तहका सरकार अन्तर्गतका कार्यालयहरू हुन् । त्यस कारणले स्थानीय सरकारले बढी जिम्मेवारी, तदारूकता र सक्षमताका साथ काम गर्न सक्नुपर्छ । लगभग बीस वर्षसम्म स्थानीय तहको निर्वाचन हुन नसक्दा नेपालले अकल्पनीय क्षति बेहोर्नु परेको थियो । स्थानीय निर्वाचनहरू नियमित भइदिएको भए नेपालका टोल, गाउँ र नगरहरूको अवस्था पक्कै पनि अहिलेको भन्दा धेरै उत्कृष्ट हुने थियो । अनेकौं कमी, कमजोरी, अभाव र तनावका बीच लोसपा नेपालको नेतृत्वमा रहेका स्थानीय तहका सरकारहरूले धेरै ठाउँमा गरेका कामहरूबाट एक हदसम्मको सन्तुष्टि लिन सकिन्छ ।

लोसपा नेपालले मधेश प्रदेशमा प्रादेशिक सरकारको आफ्नो भागमा परेको मन्त्रालय मार्फत केही उल्लेखनीय कामहरू सम्पन्न गरेको छ । तत्कालीन राजपा नेपालको भागमा परेको भौतिक पूर्वाधार विकास मन्त्रालयको नेतृत्वमा मधेश प्रदेशका ६४ वटा निर्वाचन क्षेत्रहरूमा ५ किलोमिटरको हिसावले कालोपत्रे पक्की सडकको निर्माण सुरू गरिएको थियो । उक्त मन्त्रालयको नेतृत्वमा लगभग चार वर्षमा २२४ किलोमिटर कालोपत्रे सडक, ९३७ किलोमिटर ग्रावेल सडक, ३२ वटा नयाँ पुल र २९२ वटा कलभर्टहरू निर्माण गरिएका छन् । यसका साथै प्रदेशका ८ वटै जिल्लाका सदरमुकामहरूमा दलित छात्रावासहरू निर्माण गरिएका छन् । दलितमा पनि महादलितको रूपमा रहेका डोम, मेस्तर, हलखोर र मुसहर समुदायहरूका लागि ९ हजारभन्दा बढी जनता आवास निर्माण गरिएका छन् । वारा जिल्लाको विश्वप्रसिद्ध धार्मिकस्थल गढ़िमाईमा विशाल धर्मशाला र विवाहमण्डप निर्माण गरिएका छन् । **"खेत खेतमा पानी, हात हातमा काम"** परियोजना अन्तर्गत दुई सयभन्दा बढी डिप ट्युवेल/क्लस्टर ट्युवेल तथा प्रशस्त नहरहरूको निर्माण सम्पन्न गरिएको छ । त्यति मात्र होइन, लोसपा नेपालकै मूल अगुवाइमा प्रदेश-२ को नाम औपचारिक रूपमा प्रदेश संसदको ठुलो बहुमतका साथ अनुमोदन गरेर **"मधेश प्रदेश"**राखियो

तथा जनकपुरधाममलाई निश्चित सीमाङ्कन सहितको प्रदेशको राजधानी निर्धारण गरियो । **केही गरियो, अझै गर्न सकिन्थ्यो तर धेरै गर्न बाँकी छ** । यिनै भावना, उत्प्रेरणा र अपेक्षाका साथ लोसपा नेपाल आसन्न स्थानीय तहको निर्वाचनको पूर्वसन्ध्यामा निम्न उल्लेखित कार्यहरू सम्पन्न गर्दै घोषित लक्ष्यहरू प्राप्त गर्ने गम्भीर प्रतिवद्धता व्यक्त गर्दछ ।

## ५.१ सबल, सक्षम र स्रोतसम्पन्न स्थानीय सरकार

जनताको दैनिक सरोकारहरूसँग पहिलो र प्रत्यक्ष साक्षात्कार गर्ने स्थानीय तहको सरकार भएकाले यो आर्थिक, भौतिक, मानव संसाधन र प्राविधिक रूपले स्रोत सम्पन्न हुनुको विकल्प छैन । यी उद्देश्यहरूका लागि आफूसँग उपलब्ध स्रोत-साधनका अतिरिक्त प्रदेश र संघसँग समन्वय गर्दै निम्न कार्यहरू यथाशीघ्र गरिने छन् :

- वडा र पालिकाहरूका लागि थप बजेटको व्यवस्था गरिने छ ।
- दक्ष कर्मचारी, इन्जिनियर र अन्य प्राविधिकहरूको पद सिर्जना र परिपूर्ति गरिने छ ।
- सफाइ, अग्नी नियन्त्रण, पानी ढुवानी र अन्य प्रयोजनहरूका लागि थप आधुनिक उपकरण र ढुवानी ट्रकहरूको व्यवस्था गरिने छ ।
- **स्तरीय खानेपानी, अनवरत विद्युत प्रवाह र नियमित टोल, गाउँ र नगर सरसफाइका लागि आवश्यक व्यवस्था गरिने छ ।**
- हरेक पालिकामा कम्तिमा दुईवटा वारूणयन्त्रको व्यवस्था गरिनेछ ।
- कर्मचारीहरूको दरवन्दी सिर्जना, नियुक्ति, पदस्थापन, स्थान्तरण र मूल्यांकन समेत सङ्घीय सरकारबाट गरिने हालको व्यवस्थालाई परिवर्तन गरिनेछ । स्थानीय तहका सरकारहरूले समेत आफूलाई आवश्यक कर्मचारी भर्ना गर्न सक्ने व्यवस्था गरिनेछ ।

## ५.२ सहज, छरितो र प्रभावकारी सेवा प्रवाह

छिटो, छरितो र गुणस्तरीय सेवा प्रदान गर्न वडा र पालिकाहरूलाई यथेष्ट स्रोत-साधनको व्यवस्था गर्नुको साथसाथै कार्यरत कर्मचारी र प्राविधिकहरूलाई सेवा भावनाका साथ आफ्नो दायित्व पुरा गर्न आवश्यक हुन्छ । निम्न अतिआवश्यक र दैनिक रूपमै गरिने कार्यहरूको हकमा विशेष कदम चालिने छः

- आम जनतालाई आवश्यक पर्ने हरेक सूचना सहज र टड्कारो उपलब्ध गराउन वडा र पालिकाका सूचना पाटीहरूका अतिरिक्त वेबसाइट, मोबाइल फोन म्यासेज र स्थानीय एफएम रेडियोहरू प्रयोग गरिने छन् ।
- जन्म/मृत्यु, विवाह दर्ता, कारोवार दर्ता, नागरिकता, पासपोर्ट तथा विभिन्न खाले अनुमतिपत्र आदिको हकमा द्रुतगतिमा सेवा प्रदान गर्न दक्ष कर्मचारीको सहयोगले आवश्यक उपकरण सहित कार्यस्थलको पुनःसंरचना गर्दै वडा, पालिका र अन्य सरोकारवाला कार्यालयहरूलाई पूर्णतया आधुनिक बनाइने छ ।
- सहज जग्गा दर्ता, खरिद-बिक्री र नक्शा पासको लागि मालपोत र नापी कार्यालयहरूलाई आधुनिक र प्रविधिमैत्री बनाइने छ ।
- वडा र पालिका आदिमा भर्नुपर्ने विवरणको लागि अनलाइन फारम उपलब्ध गराइने छ । साथै वडा, पालिका तथा अन्य कार्यालयहरूलाई तिर्नुपर्ने शुल्क, कर एवम् टेलिफोन, विद्युत र खानेपानी आदि प्रयोग गरे बापत उपभोक्ताले गर्नुपर्ने भुक्तानी इन्टरनेट बैंकिङ्, फोनपे र अन्य विद्युतीय माध्यमले गर्न पाउने व्यवस्था मिलाइने छ ।
- **केही महानगर र उपमहानगरपालिकाहरूमा धान्नै नसकिने घर भाडा र अन्य करहरूको बारेमा पुनर्विचार गरिने छ र आवश्यकता देखिएमा करको दयारा र दर कम गरिने छ ।**
- एम्बुलेन्स, वारूणयन्त्र र शववाहन आदिको सेवा टेलिफोनबाट नै चौविसै घण्टा र सातै दिन उपलब्ध हुनेगरी प्रवन्ध मिलाइने छ ।
- नगर र नागरिकको जीवन र सम्पत्ति रक्षा एवम् समग्र शान्ति सुरक्षामा जनपथ र नगर प्रहरीको सहयोगले विशेष ध्यान पुऱ्याइने छ ।

## ५.३ सर्वशुलभ गुणस्तरीय स्वास्थ्य सेवा

आधारभूत सेवाहरूमध्ये सर्वाधिक महत्त्वको, संवेदनशील र शीघ्रातिशीघ्र उपलब्ध गराउनु पर्ने सेवा नै स्वास्थ्य सेवा हो । स्वास्थ्य सेवालाई सर्वशुलभ, विश्वासनीय, गुणस्तरीय र आमजनता लगायत गरिव एवम् असहाय सबैले धान्न सक्ने बनाउन निम्न विशेष व्यवस्थाहरू गरिने छन्ः

- हरेक वडामा सामान्य उपचारका साथसाथै प्रसूति, सर्पदंश र हृदयघातबाट बचाउन सकिने सुविधा सहितको वडा स्वास्थ्य उपचार केन्द्रको स्थापना गरिने छ ।
- **हरेक पालिकामा प्याथोलोजी, प्रसूति गृह, मुटुसेवा र आपत्कालीन सेवा सहितको कम्तिमा २५ शैयाको उच्च प्रविधियुक्त गुणस्तरीय अस्पताल स्थापना गरिने छ, भएको अस्पताललाई आधुनिक बनाइने छ ।**
- वडा र पालिकास्तरका अस्पतालहरूलाई प्रादेशिक र केन्द्रीय अस्पताहरूसँग जोडिने छ ।
- सरकारी छात्रवृत्ति र अन्य सामाजिक सहयोगले चिकित्सक भएकाहरूलाई ग्रामीण र दुर दराजका अस्पतालहरूमा अनिवार्य सेवा गर्नुपर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइने छ ।
- बालबालिकालाई घरमै गएर नियमित खोपको व्यवस्था गरिनेछ ।
- ज्येष्ठ नागरिकका लागि घरमै गएर कम्तिमा महिनाको एक पटक स्वास्थ्य परीक्षण गरिनेछ ।
- हरेक वडामा कम्तिमा दुईवटा एम्बुलेन्स सहित ग्रामीण एम्बुलेन्स सेवाको विस्तार गरिनेछ । यसको शुल्क न्यून राखिनेछ र निर्धन एवम् असहाय तथा अशक्तका लागि निशुल्क गरिनेछ ।
- सहज र तनावरहित स्वास्थ्य उपचारको उद्देश्यले हरेक नागरिकका लागि अनिवार्य स्वास्थ्य बिमाको व्यवस्था गरिने छ ।
- आयुर्वेदिक चिकित्सा पद्धतिलाई थप विस्तार र प्रभावकारी बनाइने छ ।

## ५.४ निशुल्क र व्यावहारिक सबै तहको शिक्षा

शिक्षित नागरिक देशको सबैभन्दा ठुलो सम्पत्ति हो । तसर्थ, राज्यको लागि शिक्षा माथिको लगानी सबैभन्दा महत्त्वपूर्ण, दीर्घकालीन एवम् उत्त्पादनमूलक लगानी हो । शिक्षा क्षेत्रमा देखिएका अनेकौं चुनौतिहरूमध्ये अहिलेको लागि एउटा अर्को चुनौती लगभग हरेक दिन एक हजारको हाराहारीमा शिक्षा मन्त्रालयबाट अनुमति लिएर वर्षेनी एक लाखभन्दा बढी विद्यार्थी अध्ययनका लागि विदेश पलायन हुनु पनि हो । फलस्वरूप, बहुमूल्य विदेशी मुद्रा बाहिरिनुको साथसाथै योग्य विद्यार्थीहरू पनि पलायन हुँदै गएका छन् । यो क्रमलाई रोक्नुपर्छ । तसर्थ, देश र जनताको हितमा शिक्षाको महत्त्वलाई सर्वोपरी राख्दै निम्न व्यवस्थाहरू गरिने छन्ः

- सक्षम, निष्पक्ष एवम् प्रभावशाली विद्यालय व्यस्थापन समितिहरूको स्थापना गरिने छ ।
- विद्यालयहरूमा थप कक्षा कोठा, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर, खेलमैदान आदिको लागि पर्याप्त लगानीको व्यवस्था गरिनेछ ।
- प्रतिस्पर्धाद्वारा गुणस्तरीय शिक्षकहरू बहाली गरिने छन् ।
- **उच्च माध्यमिक तहसम्म निशुल्क शिक्षाको भरपर्दो व्यवस्थापन गरिने छ ।**
- स्नातक, स्नातकोत्तर र अन्य उच्चशिक्षाको लागि गरिब, असहाय र असक्षमका लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।
- छात्राहरूलाई ५ कक्षापछि अनिवार्य आत्मरक्षाको प्रशिक्षण दिइनेछ र ९ कक्षामा अध्ययनरत छात्रालाई साइकल प्रदान गरिने छ ।
- सबै विद्यालयहरूमा पर्याप्त संख्यामा छात्र र छात्राका लागि छुट्टै शौचालयको व्यवस्था गरिने छ ।
- उच्च शिक्षा अध्ययनरत छात्राहरूलाई कम्प्युटर/ल्यापटपको व्यवस्था गरिने छ ।

- हरेक पालिकामा नियमित लोकसेवा तयारी परीक्षा संचालन गरिने छ र आवश्यकता अनुसार प्रहरी र सैनिक सेवा आदिको लागि पनि अभिमुखीकरण कक्षा संचालन गरिने छ ।
- **प्राथमिक शिक्षा मातृभाषामा पनि प्राप्त गर्न सकिने व्यवस्थालाई व्यावहारिक रूपमा नै सम्भव बनाइने छ ।**
- **सामुदायिक एवम् सार्वजनिक विद्यालयहरूमा समग्र शिक्षाको स्तरलाई वृद्दि गर्दै अंग्रेजी माध्यममा समेत शिक्षा प्रदान गरिने व्यवस्था मिलाइने छ ।**
- आफ्नो स्थान, पालिका र प्रदेशको इतिहास, संस्कृति एवम् अन्य विशेषता थाहा पाइने पाठ्यक्रम तयार गरिने छ ।
- हरेक विद्यालयमा अनिवार्य छात्रावासको निर्माण/व्यवस्था गरिने छ ।
- निजी क्षेत्रद्वारा खोलिएका विद्यालयहरूमा निश्चित संख्या वा प्रतिशतका आधारमा गरिव र स्थानीय विद्यार्थीहरूलाई पनि निशुल्क भर्ना गर्नुपर्ने प्रावधानलाई व्यावहारिक र अनिवार्य बनाइने छ ।
- उपलब्ध हुँदाहुँदै पनि आफ्ना छोराछोरीलाई विद्यालय पठाउन हेलचेर्क्याइँ गर्ने बाबुआमालाई सचेत र आवश्यकता परेमा दण्डित समेत गर्ने व्यवस्था गरिने छ ।

## ५.५ महिलामैत्री पूर्वाधार एवम् विशेष सुविधाको व्यवस्था

जहाँ महिला खुशी हुन्छन्, त्यहाँ ईश्वरको वास हुन्छ । महिला समाजका वास्तुकार पनि हुन् । महिलाले भावी सन्ततिलाई आदर्श, मूल्य, परम्परा र आवश्यक सामाजिक सीप प्रदान गर्दै योग्य नागरिक बनाउने अभिभारा पनि बहन गरिरहेका हुन्छन् । त्यति मात्र नभएर जहाँ जहाँ संसारमा महिलाहरूले पुरूषको वरावरी अवसर पाएका छन्, त्यहाँको समाज र नागरिकले चाँडो प्रगति गरेका छन् । नेपालमा महिलाले एक तिहाई आरक्षणको राजनीतिक अधिकार प्राप्त गर्दै गरेको वर्तमान अवस्थामा अन्य अधिकार, अवसर र सुविधा आदिको

बारेमा पनि ध्यान पुऱ्याउनु परेको छ । लोसपा नेपालको प्राथमिकतामा महिलाको स्थान सधैं उच्च रहेको छ ।

- महिलाहरूलाई निःशुल्क उच्च शिक्षाको व्यवस्था गरिनेछ ।
- महिला आर्थिक रूपले परनिर्भर रहेसम्म महिलाको अधिकार र स्वतन्त्रताको कुरा जहिले पनि नारामा मात्र सीमित हुन जान्छ । अतः घरेलु महिलाहरूलाई आत्मनिर्भर र आर्थिक रूपले सम्पन्न बनाउन घरेलु उद्योग र रोजगारका अन्य माध्यमहरूसँग जोडिने छ ।
- स्थानीय रूपमा उपलब्ध रोजगारका सुविधाहरूमा महिलालाई प्राथमिकता प्रदान गरिने छ ।
- ग्रामीण महिलाहरू चित्रकला, हस्तकला, पाककला, श्रृंगार र सजावटका सामग्री आदि बनाउन निपुण हुने भएकाले महिलाका ती गुणहरू प्रस्फुटन हुने वातावरण निर्माण गरिने छ । यसरी निर्मित सामग्रीहरूको ब्यापारिक किनबेच र वजार व्यवस्थापन गरेर महिलाहरूको आयआर्जनमा थप आयाम थपिने छ ।
- वडा र पालिकाका सार्वजनिक स्थलहरू जस्तो कि कार्यालय, बसपार्क, शपिङ मल, चलचित्र भवन, पुस्तकालय, सार्वजनिक शौचालय र सार्वजनिक यातायात आदिलाई महिलाको सुरक्षा र सुविधालाई ध्यानमा राखेर निर्माण, संचालन र व्यवस्थापन गरिने छ ।
- महिलाहरूका लागि सार्वजनिक यातायात पूर्ण निशुल्क गरिने छ ।
- **प्रसूतिको बेलामा हरेक महिलालाई आफ्नो र बच्चाको सही हेरचाहको लागि ५,१००/- रूपैया प्रदान गरिने छ ।**
- **स्नातकसम्म अध्ययन गरेकी र कमजोर आर्थिक अवस्था भएकी महिलालाई विवाहको बेलामा रू. ५१,०००/- प्रदान गरिने छ । यसले बालविवाह वा कम उमेरमा गरिने विवाहलाई निरूत्साहित गर्ने छ । साथै महिलालाई उच्च शिक्षाका लागि प्रोत्साहन दिने छ ।**

- **विपन्न वर्गका गृहिणी तथा महिलाहरूलाई ग्याँसको चुलो एवम् सिलिन्डर वितरण गरिने छ ।**
- महिलाको स्वास्थ्य र जीवन बिमा निशुल्क गरिने छ ।
- छात्राहरूको खेलकुद विकासका लागि विशेष खेल मैदान र प्रशिक्षणको व्यवस्था गरिने छ ।

## ५.६ कृषिसेवा विस्तार, सिंचाइ एवम् प्रभावकारी बजार व्यवस्थापन

भूमिलाई पुस्तौंदेखि समातेर बसेका र खेती–किसानी गर्दै आएका नेपालका अन्नदाताहरूको अवस्था अहिले ठुला दलका गलत नीति, नियत र नेतृत्वका कारणले दरिद्र र दारूण बन्दै गएको छ । नेपालको ६५% भन्दा बढी जनसंख्या निर्भर रहेको कृषि क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा झन्डै ३०% सम्म योगदान गर्दै आएको छ । कुनै समयमा आफ्नै माटोमा उब्जिएको अपार अन्न र किसानको हँसिलो अनुहारले चहकिलो भएका नेपालका गाउँघरले अहिले उजाड बन्दै गरेको खेत, पलायन हुँदै गरेका युवा र मलिन देखिएका किसानका कारणले आफ्नो परम्परागत चरित्र त्याग गर्दै गरेको मात्र होइन समग्र कृषि क्षेत्र नै सङ्कटग्रस्त बन्दै गएको छ । कुनै कालखण्डमा धान/चामल र अन्य कृषि पैदावार निर्यात गर्ने नेपाल अहिले लगभग हरेक कृषि उत्पादनका लागि अर्बौं रूपैयाँको आयातमा निर्भर भएको छ । यसका साथै किसानले समयमा मल पाएका छैनन् । कृषि ऋण गैरकृषकहरूले प्राप्त गर्दैछन्, कृषि उत्पादनको निर्यात असम्भव जस्तै भएको छ र कृषकहरूले भन्दा बढी बिचौलियाहरूले नाफा आर्जन गर्दै आएका छन् । यस परिप्रेक्ष्यमा लोसपा नेपालले प्रदेश र संघसँग समन्वय एवम् सहकार्य गर्दै स्थानीय तहमा कृषि र कृषकहरूका लागि विशेष पहल गर्ने प्रण गर्दछ ।

- नेपालको कृषि क्षेत्र र किसानको जीवनस्तरमा आमूल सुधार ल्याउनका लागि राष्ट्रिय कृषि अभियान अन्तर्गत सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै दीर्घकालीन योजना संचालन गर्न सिँचाइ, कृषि, सडक, कृषि बजार (मण्डी), बीउबिजन उत्पादन, उन्नत बीज ब्याङ्क, कृषि सहकारी, कृषि

तालिम, समयमै कृषिमूल्य निर्धारण, शीत भण्डारण एवम् रासायनिक मल आपूर्ति जस्ता अतिआवश्यक पक्षरूलाई नीतिगत रूपमा नै सुधार गरिने छ ।

- **"एक पालिका, एक उत्पादन"** कार्यक्रम संचालन गरी पालिका र वडाहरूको आपसी सहयोगले कृषक र कृषि उद्यमीहरूलाई प्रोत्साहन गरिने छ ।
- पानीको स्रोत पहिचान गरी नदी, डीप बोरिङ्ग तथा थोपा सिंचाइ आदिको आधारमा आवश्यकता अनुसार सङ्घीय र प्रादेशिक सरकारहरूसँग सहकार्य गर्दै हरेक वडामा पर्याप्त सिंचाइको व्यवस्था गरिने छ ।
- ताजा तरकारी/फलफूल आदिको लागि विशेष बजार एवम् सहज ढुवानीको व्यवस्था गरिने छ । बढी भएको उत्पादन जोगाएर राख्न अत्याधुनिक प्रविधियुक्त शीत भण्डारगृह (कोल्ड स्टोरेज) निर्माणका लागि सहकारी र अन्य निकायहरू परिचालन गरिने छन् । यसको लागि आवश्यक ऋण प्राप्त गर्न बैंकहरूसँग सहकार्यको वातावरण निर्माण गरिने छ ।
- पालिका र वडास्तरमा नै मल, बीउ र किटनाशक औषधी आदि सहज उपलब्ध गराई तिनको उचित वितरणको व्यवस्था गरिने छ ।
- किसानलाई आवश्यक जानकारी, तालिम र प्रशिक्षण एकद्वार सेवा अन्तर्गत निशुल्क प्रदान गरिने छ ।
- **कृषि ऋण वास्तविक किसानको हातमा मात्र जाने व्यवस्था मिलाइने छ र जग्गा व्यापारीले कृषि ऋण जग्गा किन्नमा दुरूपयोग गरेको अवस्थाको अन्त्य गरिने छ ।**
- मासु, दुग्धजन्य पदार्थ, तरकारी र फलफूल जस्ता कृषि आयातलाई प्रतिस्थापन गर्न नीतिगत र व्यावहारिक सुधार गरिने छ ।
- **कृषि आम्दानी कृषकको हातमा कम र बिचौलियाको हातमा धेरै जाने अवस्थाको अन्त्य गर्न कृषकको ढोकैमा उचित मूल्यमा कृषि उत्पादन खरिद गर्न सकिने व्यवस्था गरिने छ ।**

- घुम्ती कृषि ल्याबको व्यवस्था गरी माटो, बीउ-बिजन र कृषि उत्पादनको परीक्षण किसानको घर दैलोमै गर्ने व्यवस्था मिलाइने छ ।

## ५.७ चुरे जोगाऔं, मधेश बचाऔं

चुरे क्षेत्र भनेको हिमालय पर्वतश्रृंखलाको सबैभन्दा दक्षिणी भागमा रहेको सबैभन्दा कान्छो, कमलो, कमजोर र कम उचाइ भएको पर्वतश्रृंखला हो । यो पूर्वमा इलामदेखि पश्चिममा डडेलधुरासम्म करिव ८०० किलोमिटर सम्म तन्किएर ३६ वटा जिल्लाहरूमा फैलिएको छ । नेपालको झन्डै १३% क्षेत्रफल ओगटेको र झन्डै ५३% जनसंख्या बसोबास गर्ने तराई-मधेशमा मानवीय अस्तित्वको प्रमुख कारण चुरे क्षेत्र नै हो । चुरेले सम्पूर्ण तराई-मधेशको लागि भूमिगत जल-भण्डारको काम गर्छ । लगभग तीन/साढे तीन महिना पानी पर्ने तराई-मधेशमा बाँकीको महिनाहरूमा पानीको प्रमुख स्रोत यही चुरे क्षेत्र नै हो । नेपालको अन्नको भण्डार मानिने तराई-मधेश र देशमा पाइने १९१८ प्रजातिका जीवजन्तुहरू मध्ये १३०८ को बासस्थान पनि चुरे आसपासका क्षेत्र नै हुन् । तसर्थ, सातवटा संरक्षित क्षेत्रहरू समेत भएको चुरे क्षेत्रको संरक्षण देश र मधेशको वातावरण, कृषि, वन्यजन्तु र सम्पूर्ण इकोसिस्टमको लागि अनिवार्य र अविलम्ब भएको छ । यस कार्यका लागि लोसपा नेपालको निम्न नीति र योजनाहरू रहेका छन्ः

- वर्तमान वन नीति पर्यावरण, जैविक विविधता र वातावरणको प्रतिकूल छ तसर्थ, चुरेको सन्दर्भमा वन नीतिको निर्माण तराई-मधेश एवम् सम्पूर्ण स्थानीय जनताको आवश्यकता र वातावरणीय सन्तुलन बनाई राख्नको लागि विशेष रूपमा काम गरिने छ ।

- मधेशी सहित अन्य स्थानीय आदिवासी र जनजातिहरूको हितलाई ध्यानमा राख्दै साझेदारी वन विकास कार्यक्रम लागु गरिने छ ।

- चुरे श्रृंखला संरक्षण र सम्वर्धन गर्न निर्मित राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिमा मधेशको मर्म बुझ्ने व्यक्तिहरूलाई मनोनित गरी मधेशको जीवनदायिनी चुरेको संरक्षण गरिने छ ।

- चुरे क्षेत्रमा विकासको नाममा भइरहेको अवैज्ञानिक पूर्वाधार विकासलाई नियन्त्रण गरी पर्यावरणीय दिगो विकासको दिशातिर देशलाई डोऱ्याइने छ ।
- चुरेको विनाशको कारण मानव र जङ्गली जनावरको द्वन्द्वबाट धरै जनताले जीवन गुमाइ रहेकाले वनजङ्गलको अतिक्रमण गर्ने कार्य रोकी मानव र जङ्गली जनावरको वीच हुने द्वन्द्व घटाइने छ ।
- चुरे क्षेत्रको दोहन एवम् वन विनाशको कारणले मधेशमा बाढी र उर्वर जमिनको कटान हुँदा गम्भीर समस्या उत्पन्न भएको छ । तसर्थ, चुरे क्षेत्रको पर्यावरण संरक्षणलाई विशेष प्राथमिकतामा राखिने छ र यसको वैज्ञानिक समाधानका लागि पार्टी सधैं प्रतिवद्ध रहने छ ।
- **मधेशको भूमिलाई मरूभूमीकरण हुनबाट बचाउन चुरे क्षेत्रलाई वृक्षारोपण कार्यक्रमको माध्यमबाट हरित बनाई भू-क्षय हुनबाट जोगाइने छ ।**
- हात्तीको जैविक मार्ग संरक्षण गर्ने र क्षयीकरण भएको जीवजन्तुको जैविक मार्गलाई फेरि जीवन्त बनाइने छ ।
- विकास निर्माणको कार्य गर्दा वातावरण संरक्षणलाई महत्त्व दिई आउने पुस्ताको लागि बाँच्न योग्य मधेशको निर्माण गरिने छ ।
- बालुवा र ढुंगा/गिट्टीको अनियन्त्रित निकासी पैठारीलाई नियन्त्रित र व्यवस्थित गरिने छ । वन कटानीबाट प्राप्त हुने जग्गामा पुनः वृक्षारोपण गरिनेछ । अन्य जग्गाहरू रैथाने र स्थानीय भूमिहीन, मधेशी, थारू, आदिवासी र जनजातिलाई वितरण गरिने छ ।
- चुरेको वन फडानी नियन्त्रण गर्ने र मधेशी जनताको हरित ऊर्जा तर्फ पहुँच बढाइने छ ।
- जैविक विविधताको धनी चुरे क्षेत्रमा हरित पर्यटनको विकास गर्न विशेष सहुलियतमा ऋण उपलब्ध गराइने छ ।

- चुरेसँग जोडिएका वडा र पालिकाहरूमा चुरे संरक्षणलाई प्राथमिकतामा राखिने छ ।
- प्रादेशिक र सङ्घीय निकायहरूसँग सहकार्य गर्दै प्रभावकारी तरिकाले चुरे संरक्षण योजना कार्यान्वयन गरिने छ ।
- चुरे संरक्षणको बारेमा पालिका, प्रदेश र राष्ट्रिय स्तरमा सचेतना विस्तार गरिने छ ।
- प्रदेशका वन जङ्गल र सिमसारको संरक्षण गरेर पर्यटन प्रवर्द्धनलाई प्रोत्साहन गर्दै उद्यमशीलतालाई बढावा दिइने छ ।
- **'मधेस प्रदेश'लाई हरित प्रदेशको रूपमा परिणत गरी जैविक खेती, मल र विषादीमुक्त किटनाशक उत्पादन गरेर माटो र पानीको सुरक्षा गरिने छ ।**

## ५.८ ज्येष्ठ नागरिकलाई सम्मान र थप सुविधा

ज्येष्ठ नागरिकहरू समाजका धरोहर हुन् । ज्येष्ठ नागरिक सम्मानका पात्र मात्र होइनन्, वर्तमान पुस्ताले तिनको अनुभव र ज्ञानबाट लाभ उठाउन सक्नुपर्छ । लोसपा नेपाल ज्येष्ठ नागरिकहरू राम्रो स्वास्थ्यका साथ बाँकी जीवन आरामले व्यतित गर्दै समाजका लागि उपयोगी मार्गदर्शन प्रदान गरून् भन्ने बातावरण निर्माण गर्न चाहन्छ । यसका लागि तल उल्लेखित कार्यहरूलाई प्राथमिकताका साथ लागु गरिने छः

- ज्येष्ठ नागरिकले राज्यबाट पाउने सबै खाले सुविधा सहज र अविलम्ब उपलब्ध गराइने छ ।
- हरेक वडामा ज्येष्ठ नागरिक मञ्चको स्थापना गर्ने र त्यहाँ पत्र-पत्रिका, इन्टरनेट सहितको कम्प्युटर र अन्य सेवा-सुविधाहरू उपलब्ध गराइने छ ।
- हरेक वडाले ज्येष्ठ नागरिकको स्वास्थ्य विवरण सहितको डिजिटल तथ्यांक राख्ने छ र महिनाको एक पटक निशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने छ ।

- ज्येष्ठ नागरिकसँगको सहयोगमा साहित्य, विकास, व्यवस्थापन एवम् सुसंस्कृत समाज निर्माणका लागि सार्वजनिक संवाद, प्रवचन र गोष्ठी आदिको आयोजना गरिने छ ।

- राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय रूपमा विशेष योगदान पुऱ्याएका ज्येष्ठ नागरिकलाई सार्वजनिक अभिनन्दन गरिने छ र साथै सम्मानपत्र वितरण गरिने छ ।

## ५.९ रोजगारमूलक सीप विकास र उद्यमशीलता प्रवर्धन

नेपाल युवाहरूको देश हो । यहाँ सबैभन्दा धेरै जनसंख्याको उमेर (मिडियन एज) २३ बर्षको हाराहारीमा छ । यस्तो अवस्थामा देशले जनसांख्यिक फाइदा (डेमोग्रफिक डीभिडेन्ट) उठाएर द्रुतगतिमा विकास गर्नुपर्ने हो । तर, दुर्भाग्यवश नेपालले बेरोजगारी, अर्धबेरोजगारी र युवाहरूको विदेश पलायन जस्ता चुनौतिहरूको सामना एकसाथ गर्नु परिरहेको छ । त्यस कारणले युवाहरूलाई पर्याप्त शिक्षा, सीप र प्रशिक्षण प्रदान गर्दै देशमै रोजगारी सिर्जना गर्नु वा स्वरोजगार बनाउनु राज्यको पहिलो दायित्व हुन जान्छ । यसका लागि स्थानीय स्तरमा निम्न कार्यहरू गरिने छन्:

- युवाहरूका लागि धरौटी रहित शैक्षिक ऋण उपलब्ध गराउन आवश्यक नीति निर्माण गरी बैंकिङ्ग सेवालाई युवामैत्री बनाइनेछ ।

- **हरेक पालिकामा आत्मनिर्भर युवा जनशक्ति उत्पादनका लागि 'सीप विकास एवम् प्रशिक्षण केन्द्र'को स्थापना गरिनेछ ।**

- यस्ता केन्द्रहरूमा विद्युतीय/इलेक्ट्रोनिक सामग्री मर्मत, इन्टरनेट/मोबाइल आदि सँग सम्बन्धित सेवा, बेकरी, कुकिङ्ग, कार्पेन्टरी र प्लम्बिङ्ग आदिजस्ता सीपहरू सिकाइने छन् ।

- त्यसका साथै उद्यमशिलता विकास कार्यशाला, घरेलु उद्योग स्थापना एवम् संचालन, व्यापार व्यवस्थापन, वजार व्यपस्थापन र निर्यात आदिको क्षेत्रमा प्रशिक्षण प्रदान गरिने छ ।

- **बैंक र वित्तीय संस्थाहरूलाई कुल ऋण प्रवाहको कम्तिमा १% युवाहरूको नयाँ कारोबार (Start Up) को प्रस्तावको आधारमा बिना धितो अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था गरिने छ ।**
- एक पालिका, एक सीपको आधारमा पालिकाहरूको पहिचान कुनै एक विशिष्ट सीपको हिसाबले स्थापना गर्दै यसको प्रचार-प्रसार गरिने छ ।

## ५.१० युवाहरूको सन्तुलित विकास र खेलकुद पूर्वाधार निर्माण

शारीरिक र मानसिक रूपले तयार र सक्षम युवा देशको प्रगतिका प्रमुख आधार हुन् । दुर्भाग्यवश, नेपालमा युवाहरूमाथि पर्याप्त लगानी गरिएको छैन । फलस्वरूप, शिक्षा र रोजगार आदिका लागि युवाहरू विदेशिन बाध्य भएका छन् । यो अवस्थाको अन्त्य हुन जरूरी छ । लोसपा नेपाल युवाहरूप्रति विशेष जिम्मेवारीबोध गर्दछ र निम्न कार्यहरूका लागि आफ्नो प्रतिवद्धता व्यक्त गर्दछः

- हरेक पालिकामा युवाहरूका लागि सार्वजनिक जिम, फुटसल, स्विमिङ्गपुल र जगिङ्ग पार्क आदिको निर्माण गरिने छ ।
- क्रिकेट, फुटबल, भलिबल, बास्केट वल र कपर्दी (कब्बडी) आदिको लागि मैदान, कोर्ट, कवर्ड हल र अन्य थप पूर्वाधारहरूको निर्माण गरिने छ । भएको सुविधालाई स्तरीकरण गरिने छ ।
- **विराटनगर, जनकपुर, वीरगन्ज, भैरहवा, पोखरा, नेपालगंज र धनगढीमा आधुनिक क्रिकेट मैदानको निर्माण र स्तरोन्नति गरिने छ । त्यसमध्ये कुनै दुईलाई अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिने स्तरको क्रिकेट स्टेडियमको रूपमा विकास गरिने छ ।**
- राष्ट्रिय कोच एवम् प्रशिक्षकहरूसँग नियमित प्रशिक्षणको आयोजना गरिने छ ।
- युवाहरूको सन्तुलित शारीरिक र मानसिक विकासका लागि पालिका स्तरीय खेलकुद प्रतियोगिता, सूचना-प्रविधिसँग जोडिएका प्रतिस्पर्धा र अन्य

सिर्जनशीलता अभिवृद्धि गर्ने कार्यक्रमहरू नियमित रूपमा आयोजना गरिने छन् ।

- लागूऔषध दुर्व्यसन विरूद्ध शून्य-सहनशीलता राख्दै कडा कदम चालिने छ ।

## ५.११ कमजोर, असहाय र अशक्तहरूप्रति विशेष जिम्मेवारी

नेपालमा समानुपातिक समावेशीताको सिद्धान्तलाई आत्मसात् गर्दै राजनीतिक प्रतिनिधित्व, कर्मचारी नियुक्ति र राज्यले प्रदान गर्ने केही अन्य अवसरहरूमा केही सार्थक प्रयासको थालनी भएको छ । तर, यो पूर्ण, पर्याप्त र प्रभावकारी छैन । यसलाई अझ बढी व्यावहारिक, विस्तारित र वैज्ञानिक बनाउनुपर्ने आवश्यकता छ । लोकतन्त्रमा नागरिकको हैसियतले सबैको समान अधिकार हुन्छ तर कमजोर, असहाय र शारीरिक रूपमा अशक्त व्यक्तिहरूका लागि राज्यको विशेष दायित्व हुन्छ । तिनीहरूलाई अन्य सबैको दाँजोमा आफू पनि उत्तिकै सक्षम भएको आभास दिलाउन र राष्ट्र निर्माणको यात्रामा तिनको योगदान पनि सुनिश्चित गर्नका लागि अधिकार प्राप्त निकायले अतिरिक्त भूमिका खेल्नु पर्ने हुन्छ । यो सत्यलाई हृदयंगम गर्दै लोसपा नेपालले ती सबैका लागि स्थानीयस्तरमा नै विशेष व्यवस्था गर्ने योजना बनाएको छ ।

- नेपालको कुल जनसंख्याको लगभग एक चौथाइ गरिबीको रेखा मुनि रहेका अति बिपन्न नेपालीको जीवनलाई थप कष्टकर हुनबाट बचाउन त्यस्ता हरेक नेपालीको पहिचान गरी तिनलाई सहुलियत मूल्यमा चामल र अन्य दैनिक उपभोग्य सामग्री सहज उपलब्ध गराउने व्यवस्था गरिने छ ।

- कमजोर, असहाय एवम् शारीरिक चुनौती भएका नागरिकहरू पनि उत्तिकै सक्षम र सम्मानयोग्य छन् भन्ने भावनालाई आम जनता र समाजमा थप विस्तार गरिने छ ।

- अनाथालय, वृद्धाश्रम, सुधारगृह आदिको निर्माण/व्यवस्थापनमा अतिरिक्त ध्यान पुऱ्याइने छ ।

- **निर्माण हुने सडक, सार्वजनिक प्रयोगका स्थल एवम् संरचनाहरू विकलाङ्गमैत्री हुनुपर्नेमा ध्यान पुऱ्याइने छ । दृष्टिविहीनहरूलाई सजिलोसँग हिँड्डुल गर्न सडकका पेटीहरू त्यसै अनुरूप निर्माण गरिने छन् ।**
- सरकारी कार्यालय र अन्य सार्वजनिक सेवा प्रदायक संस्थाहरूमा तिनीहरूको सुविधाका लागि विशेष व्यवस्था गरिने छ ।
- शारीरिक रूपमा अशक्त वा कमजोरहरूलाई रोजगारी दिने संस्था र व्यक्तिहरूलाई विशेष सम्मानको व्यस्था गरिने छ ।

## ५.१२ तत्काल एवं गुणस्तरीय विपद् व्यवस्थापन

बाढी, पहिरो, डढेलो, आगलागी र भुइँचालो आदि केही नियमित तर केही पूर्वानुमान गर्न कठिन प्राकृतिक प्रकोपहरू हुन् । हरेक वर्ष तराई-मधेशको समथर मैदानमा आउने बाढीले व्यापक जनधनको क्षति गर्ने गरेको छ । यो नियमित भएकाले यसको स्थायी समाधान खोजिनु पर्छ । वैज्ञानिक योजना बनाएर बृहत बाँध र कल्भर्ट निर्माण, वर्षायामको पानीको उचित निकास, चुरे-भावरको प्रभावकारी संरक्षण एवं व्यापक वृक्षारोपणको कार्यक्रम संचालन गरी तराई-मधेशका जनतालाई यस प्रकोपबाट सधैंको लागि मुक्त गर्न सकिन्छ । तर, अन्य प्राकृतिक विपद्को अवस्थामा स्थानीय सरकार सधैं तयारीको अवस्थामा रहनुपर्छ । यस्ता प्रकोपहरूबाट बच्न निम्न तयारीहरू गरिने छन्:

- बाढी, हावाहुरी, असिना, शितलहर तथा अतिवृष्टि आदिको बारेमा पूर्वजानकारी प्राप्त गरिने छ, जनतालाई शीघ्रातिशीघ्र जानकारी गराइने छ र जनधनको क्षति र कष्टबाट बच्न प्रशासनलाई पूर्वतयारीको अवस्थामा राखिने छ ।
- भूइँचालो, आगलागी, महामारी र अन्य प्राकृतिक दुर्घटनाहरूबाट हुनसक्ने क्षतिबाट बच्न र क्षतिपूर्तिको व्यवस्था गर्न जगेडा एवम् आकस्मिक कोषको व्यवस्था गरिने छ ।
- भूइँचालो, आगलागी र अन्य प्राकृतिक दुर्घटनाबाट कसरी बच्ने भन्ने विषयमा सचेतना फैलाउने र जानकारीमूलक कार्यक्रम संचालन गरिने छ ।

- विपद्को अवस्थामा खानेपानी, औषधी, खाद्यान्न, त्रिपाल र अन्य आवश्यक वस्तुहरूको शिघ्र व्यवस्थापन गरिने छ ।
- उद्धार उपकरण, एम्बुलेन्स र आपतकालीन स्वास्थ्योपचारको लागि वडा र पालिकहरूलाई तयारीको अवस्थामा राखिने छ ।

## ५.१३ ग्रामीण सडक र अन्य सामाजिक पूर्वाधार निर्माण

विद्यार्थी, कृषक, व्यवसायी र आमजनताको सहज आवागमन र सर-सामानको ढुवानीका लागि ग्रामीण सडक एवम् थप रणनीतिक सडक सञ्जालको निर्माण महत्त्वपूर्ण हुने देखिन्छ । यसका साथसाथै आधुनिकतातिर उन्मुख हाम्रा वडा र पालिकामा पनि अन्य आवश्यक भौतिक पूर्वाधारको त्यतिकै आवश्यकता हुन जान्छ । लोसपा नेपालले निम्न उल्लेखित पूर्वाधारको निर्माणमा विशेष जोड दिने छः

- **हरेक पालिका कार्यालयलाई सबै वडाहरूसँग दुई लेनको कालोपत्रे सडकले जोडिनेछ र हरेक वडा कार्यालयलाई गाउँ वा टोलहरूसँग हरेक मौसममा प्रयोग गर्न सकिने पक्की सडकसँग जोड्दै हरेक पलिकालाई यातायातको दृष्टिले सुगम बनाइनेछ ।**
- हरेक वडामा सार्वजनिक पुस्तकालयको स्थापना गरिने छ र समय सँगसँगै तिनलाई डिजिटल पुस्तकालयमा रूपान्तरण गरिने छ । युवा, विद्यार्थी, गृहणी एवम् आम जनतालाई सुसूचित हुन र ज्ञान आर्जन गर्न प्रोत्साहन गरिने छ ।
- पालिकास्तरमा सभागृह, सम्मेलन स्थल र बसपार्क जस्ता अतिआवश्यक भौतिक संरचनाको निर्माण गरिने छ र तिनको उचित प्रयोग र संरक्षणमा ध्यान पुऱ्याइने छ ।

## ५.१४ स्मार्ट सिटीको अवधारणा अनुरूप नगर विकास

नगरहरू नागरिक बस्ने स्थल मात्र नभएर यी व्यापार/ब्यबसाय, उद्योग, शिक्षा, रोजगारी एवम् अन्य धार्मिक र सांस्कृतिक गतिविधिका केन्द्रहरू पनि हुन् ।

प्रविधिको विकास र हरेक नागरिक र नगर विश्वका अन्य नागरिक र नगरहरूसँग जोडिनुपर्ने आवश्यकताको हिसाबले अब हरेक पालिकाले आफूलाई प्रविधिमैत्री र आधुनिक बनाउनुपर्ने भएको छ । यस उद्देश्यका लागि निम्न कार्यहरू गरिने छन्:

- **पोलमा झुन्डिएको टेलिफोन, विद्युत, इन्टरनेट तथा टेलिभिजन आदिको तारलाई भूमिगत गरिने छ । नयाँ निर्माण हुने सडकहरूमा यसको अनिवार्य व्यवस्था गरिने छ ।**
- सार्वजनिक यातायातमा सुधार गर्दै थप सेवा विस्तार गरिने छ । सार्वजनिक यातायातलाई सकेसम्म विद्युतीय बनाइने छ । टिकटको बुकिङ्ग र भुक्तानी डिजिटल तरिकाले गर्न सकिने व्यवस्था मिलाइने छ ।
- नयाँ भवन निर्माणका लागि आधुनिक, लगानीमैत्री र जनमैत्री मापदण्ड निर्धारण गरिनेछ ।
- सार्वजनिक स्थलमा विधुतीय/डिजिटल सेवा, सार्वजनिक इन्टरनेट, एटिएम, फोनपे, आदिको सुविधाको लागि निजी क्षेत्रसँग सहकार्य गरिने छ ।
- हरेक वडामा बैंकको शाखा राखिने छ । सबै नागरिकलाई बचत खाता र डी-मेट खाता समेत खोली पुँजी वजारसँग जोडिन प्रोत्साहित गरिने छ । यसका लागि आवश्यक अभिमुखीकरण कार्यक्रम वडास्तरमा नै आयोजना गरिने छ ।
- ठेक्का-पट्टामा इबिडिङबाट टेन्डर भर्ने प्रणाली व्यवस्थित गर्ने, पालिकाले दिनुपर्ने भुक्तानीलाई पूर्णतः बैंकिङ्ग प्रणालीबाट मात्र गरिने व्यवस्था मिलाइने छ ।
- **बाटाका पशु चौपायाको उचित तथा मानवीय तवरले व्यवस्थापन गरिने छ । यसका साथै पशुकल्याण बोर्डको स्थापना गरिने छ ।**
- प्रदेशको पहिलो वन्यजन्तु पुनःस्थापना केन्द्रको निर्माण गरी प्रदेश भित्रबाट प्राविधिक विज्ञहरूलाई अवसर सिर्जना गरिने छ ।

- हरेक जिल्लामा गौशालाको निर्माण, छाडा चौपायालाई व्यवस्थित एवम् बायोग्याँस, ब्रिकेट तथा ऊर्जाको उत्पादन गर्दै हरित जीविकाको विकास गरिने छ ।

- फोहरबाट मोहरको अवधारणालाई केन्द्रित गरी फोहर व्यवस्थापनलाई उचित जीविकोपार्जनको स्रोत बनाइने छ ।

- "Polluters Pay" मोडेल लाई कार्यान्वयन गर्दै प्रदूषक कर लागु गरी सोही करबाट प्रदेशको पहिलो हरित विद्यालयको स्थापना गरिने छ ।

## ५.१५ थप पर्यटकीय स्थलको पहिचान, पूर्वाधार निर्माण एवम् प्रचार प्रसार

पर्यटकीय दृष्टिकोणले नेपाल विश्वमै अद्वितीय देश हो । प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पन्नताको कारणले नेपालको हरेक पालिकाले कुनै न कुनै विशेषता बोकेको छ । केही अत्यन्तै स्थापित पर्यटकीयस्थलहरू छन् भने केहीको पहिचान हुन बाँकी छन् । लोसपा नेपालले पर्यटनलाई पालिकास्तरसम्म नै लैजान विशेष व्यवस्थाहरू गर्ने योजना बनाएको छ ।

- ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्वका थप स्थलहरूको पहिचान गर्ने, तिनको विवरण तयार गर्ने र तिनलाई देशका अन्य पर्यटकीय गन्तव्यहरूसँग जोड्दै प्रचार प्रसार गरिने छ ।

- **नयाँ पहिचान भएका पर्यटकीय महत्त्वका स्थलहरूको विकासका लागि आवश्यक सडक र अन्य पूर्वाधारको निर्माण गरिने छ ।**

- पर्यटकीय स्थलहरूको प्रचार-प्रसारका लागि वेबसाइट र अन्य सामाजिक सञ्जालको प्रयोग गरिने छ ।

- निर्माण, संरक्षण, पर्यटक ओसारपसार र प्रचार प्रसारका लागि प्रादेशिक र संघीय निकायहरूसँग सहकार्य गरिने छ ।

- ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक धरोहरको संरक्षणका लागि पोखरी, घाट, मठ–मन्दिर, पौवा, ढुंगेधारा, धर्मशाला, मस्जिद र दरगाह आदिको मर्मत/सम्भार/जीर्णोद्वार गरिने छ ।

- पर्यटकीयस्थलहरूको नियमित संरक्षणका लागि प्रणाली निर्माण, मानवस्रोत संचालन र रकम व्यस्थापन गरिने छ ।
- आवश्यकता अनुसार सार्वजनिक, निजी र अन्य सामाजिक संघसंस्थासँग सहकार्य गरिने छ ।

## ५.१६ शहरी हरितक्रान्ति

हरियो वन नेपालको धन भनिने नेपालमा वन विनाशको खतरा दिनानुदिन बढ्दो छ । वन तस्कर र अबैध वन फडानी मात्र होइन, बढ्दो सहरीकरण र द्रुत गतिमा निर्माण भइरहेका भौतिक संरचनाका कारणले पनि आउने दिनमा वन र हरितक्षेत्र संकुचित भएर जाने निश्चित छ । यसका लागि वडा र पालिका स्तरमै तुरून्तै ठोस कदम चल्नु अत्यन्तै आवश्यक छ ।

- ग्रीन बेल्ट/सडकको छेउमा अनिवार्य वृक्षारोपण गरिने छ । यसलाई सडकको योजना तयार गर्दा नै बजेट सहित ठेक्काको अनिबार्य हिस्सा बनाइने छ ।
- नगरमा भएका वृक्षहरूको जथाभावी कटान गर्न दिइने छैन । भएका वृक्षहरूको उचित रेखदेख प्रभावकारी तरिकाले गरिने छ ।
- **सडक, भवन निर्माण र अन्य संरचना निर्माण गर्दा ओगटेको ठाउँको कम्तिमा दुईगुना बढी जग्गामा वृक्षारोपण गर्नुपर्ने अनिवार्य व्यवस्था गरिने छ । निजी क्षेत्रको हकमा वृक्षारोपण गर्नुपर्ने जग्गा राज्यले उपलव्ध गराउने छ ।**
- नगर हरित क्षेत्र तथा सार्वजनिक उद्यान आदिका लागि छुट्टै स्थान निर्धारण योजनावद्ध तरिकाले गरिने छ । यसका लागि आवश्यक रकम वार्षिक योजना अन्तर्गत नै छुट्याइने छ ।
- पालिका भित्र हरित नगर प्रहरीको व्यवस्था गरिने छ । रोपिएका वृक्ष एवम् ग्रीनबेल्ट, सार्वजनिक उद्यान अनि हरित क्षेत्र आदिको रेखदेख गर्ने तिनको प्रमुख दायित्व हुने छ ।

- प्रदूषण नियन्त्रण र वातावरण संरक्षण गर्ने उद्देश्यले सार्वजनिक/निजी सवारी, उद्योग, एवम् अन्य प्रदूषणका कारण र कारकहरूको उचित व्यवस्थापनका लागि स्थानीय रूपमा नियन्त्रण गर्दै सङ्घीय र प्रादेशिक निकायहरूसँग सहकार्य गरिने छ ।

## ५.१७ व्यवस्थित र सुरक्षित वैदेशिक रोजगारी

दीर्घकालीन रूपमा नेपालको युवा नेपालमै काम गर्ने वातावरण बन्नुपर्छ । तर, अन्तरिम समयमा वैदेशिक रोजगारीमा जाने युवाहरू सुरक्षित रूपमा सही गन्तव्यसम्म इमानदारीपूर्वक पुऱ्याइनुपर्छ । यो केन्द्र, प्रदेश र स्थानीय सरकार सबैको सामूहिक जिम्मेवारी हो । त्यति मात्र नभएर, कडा मिहेनतले आर्जन गरेको पैसा सुरक्षित रूपमा आफ्नो परिवारसम्म पुग्ने तिनको चाहना पनि पूरा हुनुपर्छ । बिगतमा र हालसम्म पनि यो क्षेत्रमा देखिएको विकृति, धोकाधडी र ठगी अविलम्ब नियन्त्रण गरिनुपर्छ ।

- सम्बन्धित हरेक पालिकामा वैदेशिक रोजगारीमा जाने युवाका लागि सही सूचना प्रदान गर्ने डेस्क राखिने छ ।
- **जाने देश, गर्ने काम, पाउने पारिश्रमिक, बस्ने ठाउँ, सम्पर्क व्यक्ति, हवाइ टिकेट, पैसा पठाउने तरिका र अन्य गर्न हुने र गर्न नहुने सम्पूर्ण कार्यहरूको बारेमा पूर्णजानकारी प्रदान गरिने व्यवस्था गरिने छ ।**
- कमाएको पैसा कसरी सही तरिकाले खर्च वा लगानी गर्ने भन्ने विषयमा पनि सही जानकारी दिइने छ ।
- वैदेशिक रोजगारीमा जाने झन्डै ९७% सम्म अदक्ष कामदार रहेको वर्तमान अवस्थाको अन्त्य गर्दै वैदेशिक रोजगारीका लागि चाहिने सीप र अन्य ज्ञानको लागि पालिकास्तरमा नै प्रशिक्षण प्रदान गरिने छ ।

## ५.१८ अनुशासित, सुशासित र भ्रष्टाचारमुक्त स्थानीय सरकार

जनताको कर, जनताको मत र जनताको विश्वासको कारणले निर्माण भएको स्थानीय सरकारलाई अनुशासित, सुशासित र भ्रष्टाचारमुक्त गर्नुको विकल्प छैन । यस कार्यको लागि लोसपा नेपाल दृढसंकल्पित छ ।

- लोसपा नेपालबाट निर्वाचित र सो अर्थमा हरेक निर्वाचित जनप्रतिनिधिले नै आफ्नो सम्पत्ति र आयव्ययको विवरण तुरून्त सार्वजनिक गर्नुपर्ने छ ।
- **सार्वजनिक लाभको पदमा रहेका कुनै पनि जनप्रतिनिधि वा पदाधिकारीलाई आफ्नो अधिकार र कार्यक्षेत्र भित्र सार्वजनिक रकम खर्च गरिने कुनै पनि ठेक्का वा त्यो प्रकृतिको व्यापारिक/व्यावसायिक कार्यमा संलग्न हुनबाट बन्देज लगाइने छ ।**
- दलभित्रको अनुशासन समिति यस्तो कार्यको सम्भावनाप्रति सचेत रहने छ । निवेदन परेमा वा आवश्यकता अनुसार अनुसन्धान र अनुगमन गर्ने छ ।
- जनप्रतिनिधिको सार्वजनिक जीवन पारदर्शी, विचारवान्, अनुशासित र अनुकरणीय हुनेपर्नेमा विशेष जोड दिइने छ ।

## ५.१९ सामाजिक सुरक्षाको प्रत्याभूति

लोकतान्त्रिक समाजवादको अवधारणा, अभ्यास, मूल्य र मान्यता अनुरूप लोसपा नेपाल सबैको सामाजिक सुरक्षाको निम्ति कटिवद्ध छ । तर, नेपाल जस्तो आर्थिक स्तर कमजोर भएको देशको लागि सबै खाले सामाजिक सुरक्षा एकैसाथ प्रदान गर्न सम्भव नहुन सक्छ । तर पनि अत्यावश्यक समूह र क्षेत्रको पहिचान गर्दै, गर्नसकिने सबै सामाजिक सुरक्षाका कार्यक्रमहरू अविलम्ब लागु गरिने छ ।

- वृद्धभत्ता, महिलाभत्ता र अशक्त नागरिक भत्ता आदि अपर्याप्त भएकाले यसमा वृद्धि गरिनुको साथै थप सुविधाहरूको व्यवस्था गरिने छ ।
- मानव विकास सूचकांक एवम् व्यक्तिगत र पारिवारिक आवश्यकताको आधारमा बेरोजगार भत्ता, औषधि उपचार भत्ता, सुत्केरीको लागि विशेष व्यवस्था, मृत्यु संस्कार खर्च र विवाह खर्च आदिको व्यवस्था गरिने छ ।
- सबैलाई अनिवार्य स्वास्थ्य बिमा, दुर्घटना बिमा, कृषकलाई बाली एवम् पशुधन बिमा, वैदेशिक रोजगारीमा जानेहरूका लागि सुरक्षा बिमा र औपचारिक रूपमा मजदुर एवम् अन्य कार्यरत श्रमिकका लागि पेन्सनको सुनिश्चितता आदिको व्यवस्था गरिने छ ।

## ५.२० विशेष नगर, विशेष अवसर, विशेष व्यवस्था

### • जनकपुरधामः अन्तर्राष्ट्रियस्तरको प्रदेश राजधानी

औपचारिक रूपमा राजधानी घोषणा भइसकेको जनकपुरधामको सर्वाङ्गीण विकास राजनीतिक, सांस्कृतिक र ऐतिहासिक हरेक दृष्टिले अपरिहार्य छ । तसर्थ, प्रदेशको राजनीतिक र प्रशासनिक केन्द्रका साथसाथै जनकपुरधामलाई सबैखाले सुविधा, संरचना र पूर्वाधारले सम्पन्न एक आधुनिक नगरको रूपमा विकास गर्नुपर्छ भन्ने सोंच र योजना सहित लोसपा नेपाल क्रियाशील छ । प्रदेशको आफ्नै संसद भवन, मुख्यमन्त्रीको कार्यालय, मन्त्रालयहरू र अन्य प्रशासनिक भवनहरू यथाशीघ्र बनाएर जनताको हित र सरोकरहरूसँग जोडिन ढिलो गर्नु हुँदैन । स्तरीय, सडक सञ्जाल, विस्तारित सेवासहितको आधुनिक एयरपोर्ट, भारतको सबै सहरसँग जोडिएको रेलमार्ग, तारे होटलहरू, आधुनिक व्यापारिक र व्यावसायिक भवनहरू एवम् पर्यटकलाई आवश्यक पर्ने यातायात, रेस्टुरेन्ट र अन्य सुविधाहरू अन्तर्राष्ट्रिय स्तरको बनाउनुपर्छ ।

सीताको जन्मभूमि, राम-सीताको विवाह स्थल एवम् मिथिला साम्राज्यको केन्द्र भएकाले जनकपुरको महत्त्व विश्वका करिव सवाअर्व हिन्दूहरूका लागि अद्वितीय छ । यसको सही विकास, सम्वर्धन, थप भौतिक संरचनाको निर्माण र अन्तर्राष्ट्रिय रूपमा प्रचार-प्रसार गरियो भने यो विश्वको हरेक हिन्दूहरूको लागि अनिवार्य आराध्यस्थल बन्न सक्छ र यहाँ वर्षेनी लाखौं पर्यटक र धर्मावलम्बीहरूको आगमन हुन् सक्छ । यसका लागि जनकपुरको वृहत् र चौतर्फी विकासका लागि दक्ष र अनुभवी विशेषज्ञहरूको सहयोगमा आधुनिक गुरूयोजना तयार गरी जनकपुरका सबै मठ-मन्दिरको जीर्णोद्धार, सबै पोखरी एवम् तलाउहरूको सफाइ र घाट निर्माण, सबै सडक र ढलनालाको उचित व्यवस्थापन र वृक्षारोपणद्वारा शहरको हरियालीकरण, मिथिला हाट एवम् संग्रहालय आदिको निर्माण, रामायणका विभिन्न घटनाक्रमहरूलाई झल्काउने श्रव्यदृश्य एवम् प्रकाशको व्यवस्था, वर्षेनी हुने विवाह पञ्चमी, रामनवमी र परिक्रमाहरूको आधुनिक तरिकाले सही व्यवस्थापन, आवश्यक थप पर्यटकीय संरचनाहरूको निर्माण र साथै धनुषाधाम, जलेश्वर आदि अन्य महत्त्वपूर्ण पर्यटकीय स्थलहरूसँग जोडिने सडक र पूर्वाधारको थप निर्माण र स्तरीयतालाई प्राथमिकतामा राखिने छ ।

## • वीरगंजः नेपालको आर्थिक कारोबार र व्यापारको प्रमुख केन्द्र

वीरगंजको ऐतिहासिक महत्त्व र नेपालको आर्थिक उन्नतिमा पुऱ्याएको योगदान र सम्भावनालाई उच्चतम मूल्यांकन गर्दै यसलाई नेपालकै आर्थिक गतिविधिको प्रमुख केन्द्र (Financial Hub) को रूपमा थप विकास गरिनेछ । वीरगंजलाई आधुनिक सहरको रूपमा विकास गर्न यहाँ सडक, व्यापारिक भवन र कम्प्लेक्स, स्तरीय तारे होटेलहरू र सूचना प्रविधिको विस्तार गर्न आवश्यक व्यवस्था मिलाइने छ । यसलाई बैंकिङ्, बिमा, शेयर कारोबार र अन्तर्राष्ट्रिय व्यापारको केन्द्र बनाइने छ । हाल वीरगंजमा रहेका उद्योगहरूलाई थप प्रोत्साहित गर्दै नयाँ उद्योगहरू खोल्न निजी क्षेत्रलाई आकर्षित गर्ने सेवा, सुविधा र छुटको योजना बनाइनेछ । अनुभव, सिकाइ, लगानी र प्रविधि हस्तान्तरणको लागि वीरगंजलाई विश्वका अन्य व्यापारिक र आर्थिक कारोबार हुने सहरहरूसँग मित्र-सहरको रूपमा औपचारिक र सरकारी स्तरमै जोडिने छ ।

## • विराटनगर, भैरहवा र नेपालगंजः नेपालको आर्थिक विकासको मेरूदण्ड

नेपालको औद्योगिक विकासमा विराटनगर, भैरहवा र नेपालगंजको ऐतिहासिक महत्त्व छ तर उदासीन सरकार, असक्षम नेतृत्व, आवश्यक पूर्वाधारको अभाव र बारम्बारको बन्द एवम् हड्तालका कारण त्यहाँ रहेका उद्योगहरूले उचित सम्मान, संरक्षण र  प्रोत्साहन पाएका छैनन् । तसर्थ, नेपालको सम्पूर्ण आर्थिक बृद्धिलाई नै प्रभावित पार्न सक्ने सम्भावना भएका विराटनगर, भैरहवा र नेपालगंजमा रहेका सबै उद्योगहरूको योगदानलाई कदर गर्दै तिनको सम्बर्धन र थप विस्तारको कार्यक्रमहरू बनाइने छ । निर्वाध विद्युत आपूर्ति, औद्योगिक निकासको व्यवस्थापन, सम्पर्क सडकको निर्माण एवम् स्तरोन्नति, श्रमिक विकास, प्राविधिक प्रशिक्षण र राजनीतिक हस्तक्षेपको अन्त्य आदि दिशामा ठोस कार्य गरिने छ । निर्यात केन्द्रित र अन्य विशेष औद्योगिक क्षेत्रहरूलाई थप सुविधा पुऱ्याउन पहल गरिने छ ।

- **लुम्बिनीः बुद्ध धर्मावलम्बीहरूको लागि अन्तर्राष्ट्रिय तीर्थस्थल एवम् ध्यान केन्द्र**

अन्तर्राष्ट्रिय आकर्षणको केन्द्र भएता पनि लुम्बिनी विकासको लागि गरिएका थुप्रै आन्तरिक र वैदेशिक कार्यक्रमहरूका बावजुद समग्र लुम्बिनीको विकास अपेक्षित गतिमा हुन सकेको छैन । यहाँ सुरू गरिएका योजना एवम् कार्यक्रमहरू असंवेदनशील नेतृत्व, सुस्त संयोजन, राजनीतिक हस्तक्षेप र समन्वय अभावका कारण प्रभावित हुने गरेका छन् । यसका साथै, लुम्बिनी वरिपरि रहेका तर उत्तिकै महत्त्वका अन्य ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरूलाई वेवास्ता गरिएको वा पर्याप्त ध्यान नदिइएको अवस्था छ । यसका साथै थुप्रै अन्य विदेशी, स्वदेशी, स्थानीय, व्यक्तिगत, संस्थागत र सरकारी स्तरमागरिने सहयोगहरूप्रति रूची देखाइएता पनि नेता र कर्मचारीको व्यक्तिगत लाभ नहुने देखिएकाले आलटाल गरिएका तथ्यहरू पनि बाहिर आएका छन् । तसर्थ, लुम्बिनीको समग्र र अपेक्षित विकासका लागि लुम्बिनी विकास गुरूयोजनालाई तत्काल थप प्रभावकारी बनाइने छ । ढिलो भएका योजना र निर्माण कार्यहरूलाई यथाशीघ्र सम्पन्न गरिने छ र सुरू नभएका कार्यक्रमहरूलाई अविलम्ब प्रारम्भ गरिने छ । राजनीतिक हस्तक्षेपलाई निरूत्साहित गरिने छ तथा ऊर्जावान्, जानकार र सक्षम कर्मचारीको वहाली गरिनेछ । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई यथाशीघ्र पूर्ण क्षमतामा संचालनमा ल्याइने छ र अन्तर्राष्ट्रिय हवाइसेवा तथा पर्यटनको सञ्जालमा जोडिने छ ।

# परिच्छेद-६

## लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नाराहरू

पहिचान, संघीयता र लोकतान्त्रिक समाजवाद
लोसपा नेपाल जिन्दावाद ! जिन्दावाद !!

उत्कृष्ट नीति, नियत, विचार र संस्कार
लोसपाको नेतृत्व, लोसपाकै सरकार !

शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार
विकासका लागि लोसपाका चार आधार !

मधेशी, महिला, शिल्पी, थारू र जनजातिको संकल्प
लोकतान्त्रिक समाजवादी पार्टी एक मात्र विकल्प !

आफ्नो पालिका, आफ्नै सरकार,
लोसपाको साथ, लोसपाकै आधार !

लोसपा नेपालको योजना र अभियान
कृषिको संरक्षण, कृषकलाई सम्मान !


लोसपा नेपालको संस्कार
ज्येष्ठ नागरिकको सत्कार !

विशेष नगर, विशेष अवसर र विशेष व्यवस्था
लोकतान्त्रिक समाजवादी पार्टीको प्रतिवद्धता !

# लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

## स्थानीय तह निर्वाचन - २०७९

# घोषणापत्र



**मधेशी, महिला, शिल्पी, थारु र जनजातिको संकल्प**
**लोकतान्त्रिक समाजवादी पार्टी नेपाल एकमात्र विकल्प !**


**प्रकाशकः**

**लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं
सम्पर्क नं: ०१-५३२४०४५, ५३२४०५५
इमेल: lspnepal2078@gmail.com


**चुनाव चिन्ह : साइकल**


मुद्रक: गेट वे प्रिन्टर्स एण्ड डिजाइनर्स प्रा. लि.